नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9807170995
✆ 9803474311
✆ 9854028218

देशलाई सुकृतितर्फ लान अहिलेको सरकार बनेको होः प्रधानमन्त्री



समाचार पृष्ठ ६ मा

● वर्ष ३ ● अंक ३७ ● २०८१ साल पुष ०१ गते सोमबार ● Monday 16, December 2024 ● सूर्योदयः बिहान ६:४७ बजे ● सूर्यास्तः साँझ ५:१४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# प्रधानमन्त्रीद्वारा चिनियाँ मोडलको पार्टी र विकासबारे एमालेमा प्रशिक्षण

**मधेशद्दष्टि**
**काठमाडौ ।**

प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले यसपटक खुलेर चीनको विकास, राजनीतिक अभ्यास र जनताको जीवनशैली परिवर्तनका लागि पार्टीले गर्नु पर्ने काममा चीनको मोडलबारे प्रशिक्षण दिएका छन् । एमालेको केन्द्रीय सङ्गठन विभागद्वारा आयोजित 'स्थानीय तहमा पार्टी कामका समस्या र समाधान' विषयक दुईदिने राष्ट्रिय कार्यशालालाई आइतबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्रियताका साथ एकढिक्का भई अघि बढ्न समग्र पार्टी पंक्तिलाई आग्रह मात्र गरेनन्, चीनको मोडल देखाउँदै भने, 'चीनमा कुनै पनि पार्टी नेताले पार्टी नेतृत्वको विरोध गर्दैनन् ।'

उनले देश र जनताका पक्षमा स्थापना भएको पार्टीका नेता तथा कार्यकताका हैसियतले जनताको जीवनस्तर सुधार गर्ने राष्ट्रिय अभियानमा सक्रियताका साथ एकताबद्ध भई लाग्न अनुरोध गरे ।

चिनियाँ कम्युनिष्ट पार्टीको सङ्घर्ष, सफलता र हाल चीनको तीव्र आर्थिक विकासलाई दृष्टान्तका रुपमा प्रस्तुत गर्दै अध्यक्ष ओलीले जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन पार्टी पंक्ति एक हुनुपर्ने धारणा व्यक्त गरे । पार्टीभित्र वैचारिक स्पष्टता र एकता कायम गरेर समाजवादको यात्रामा अग्रसर हुनुपर्ने बताउँदै उनले कार्यशालामा सहभागी हरेक सदस्यले यसको सन्देश आम जनमसुदायमा पु¥याउनुपर्नेमा जोड दिए ।

यसपटकको सम्बोधनमा प्रधानमन्त्री ओलीले चीनकै अभ्यास र विकासको खुलेर प्रशंसा गरे र एमालेले यसको सिको गर्नु पर्ने बताए ।

चिनियाँ कम्युनिष्ट पार्टीले केही पनि नभएको ठाउँबाट राज्यसत्तामा पुगेर श्रेष्ठता हासिल गर्दै अहिले चीनलाई आर्थिकरुपमा महाशक्ति राष्ट्र बनाएको उदाहरण प्रस्तुत गर्दै अध्यक्ष ओलीले चीनमा कुनै पनि नेताले पार्टी नेतृत्वको विरोध नगर्ने परिपाटी रहेको स्मरण गराए । चीनले अन्य समाजवादी मुलुकको नक्कल नगरी आफ्नै विशेषताको समाजवादको यात्रा थालेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले एमालेले पनि नेपालमा समाजवाद स्थापनाको लक्ष्यमा आफूलाई अग्रसर गराउँदै आएको बताए ।

'हाम्रो पार्टी केबल राजनीति गर्न जन्मेको होइन । समाजवाद र राष्ट्रवादको उद्देश्य बोकेर देश बनाउन र सकारात्मक परिवर्तन ल्याउन जन्मेको पार्टी हो । यसले सामाजिक परिस्थितिलाई उच्चतम रुप दिन शुरुवात्देखि नै लाग्दै आएको छ,' अध्यक्ष ओलीले भने, 'जनताले सजिलोसँग खान, लगाउन, बस्न पाउने तथा छोराछोरी पढाउन पाउने, बिरामी हुँदा उपचार गर्न पाउने आधारभूत आवश्यकताको परिपूर्ति तथा राजनीतिक अधिकार पाउनुपर्ने भन्ने उद्देश्यले कम्युनिष्ट पार्टीको स्थापना भएको हो । राजनीतिक अधिकार प्राप्त भएको छ, अब स्थिरता र स्थायित्व कायम गरेर आर्थिक उत्पादन र समृद्धितर्फ लाग्नुपर्नेछ ।'

इतिहासकालदेखि पार्टीमा वैचारिक स्पष्टता र एकता हुन नसक्दा वाञ्छित उपलब्धि हासिल हुन नसकेको बताउँदै उनले पार्टीभित्र बिमति जनाउने तर सही बाटो के हो भनेर पहिल्याउन नसक्ने प्रवृत्ति देखापर्दै आएकाले अब त्यसबाट मुक्त हुनुपर्ने धाराणा व्यक्त गरे । प्रतिक्रियावादीले कम्युनिष्ट पार्टीलाई विभाजन गराएर राज गर्ने नीति लिए पनि संस्थापक नेता पुष्पलालले पार्टी एकताको प्रयास गरेको स्मरण गर्दै अध्यक्ष ओलीले आफूलाई जे लाग्यो त्यही सही भन्ने प्रवृत्तिबाट मुक्त भई सही कुरा अपनाएर देश र जनताको हितमा काम गर्न सबैसँग अनुरोध गरे ।

शनिबार शुरु भएको कार्यशालामा एमालेका सबै प्रदेश र जिल्ला कमिटीका अध्यक्ष, सचिव, सङ्गठन विभागका प्रमुख, प्रदेश कमिटीबाट थप दुई महिला, जनसङ्गठनका केन्द्रीय अध्यक्ष तथा महासचिव र महानगर–उपमहानगर पालिकामा एमालेबाट निर्वाचित प्रमुख–उपप्रमुखको सहभागिता छ ।






**सेनापति अयोध्यामाः** सेनापति अशोकराज सिग्देलले शनिबार भारतको अयोध्या पुगेर रामलला मन्दिरका दर्शन गरेका छन् । भारत भ्रमण सकेर सेनापति सिग्देल आइतबार स्वदेश फर्किएका छन् । तस्बिरः मधेशद्दष्टि

# आफैँले बनाएको पेस्तोलले हानेर साथीको हत्या

**मधेशद्दष्टि**
**पश्चिम नवलपरासी ।**

पश्चिम नवलपरासीको सुस्तामा बिहीबार साँझ एउटा गोलीकाण्ड भयो । गोलीकाण्डमा एकजनाको ज्यान पनि गयो । प्रहरीले यो घटनामा संलग्न ३ जनालाई पक्राउ गरेपछि यसले नयाँ मोड लिएको छ ।

सुस्ता गाउँपालिका–२ मुसहर टोलका २३ वर्षीय रोहन महतोको गोली हानी हत्या भएको आशङ्कामा प्रहरीले सुस्ता–२ महलबारीका २२ वर्षीय विशाल मुसहर, सोही स्थानका २१ वर्षीय मोहन थारू र १८ वर्षीय साहिल थारूलाई पक्राउ गरेपछि घटनाले नयाँ मोड लिएको हो ।

उनीहरू साथीभाइ रहेको र सामान्य आवेगमा घरमै बनेको बन्दुक प्रयोग गरी गोली हानेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीले जानकारी दिएको छ ।वेल्डिङको काम गर्दै आएका उनीहरूले आफैँले फलामको स्पिड तथा रबर प्रयोग गरी पेस्तोल बनाएका थिए । पेस्तोल लोड गरेर आएका उनीहरूले सामान्य विवादमा महतोमाथि गोली प्रहार गरेर भागेका थिए । उनीहरूका साथबाट प्रहरीले स्थानीयस्तरमा उत्पादन गरिएको पेस्तोल, २८ थान छर्रा, १२ वटा सलाई, तीन थान छर्रा राख्ने फ्रेम पनि बरामद गरेको छ । पेस्तोल बनाउन आवश्यक सामग्री सीमावर्ती भारतीय बजारबाट खरिद गरी ल्याएको पाइएको छ ।

पक्राउ परेकाहरू माथि कर्तव्य ज्यान तथा हातहतियार खरखजना कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयालले जानकारी दिए ।

# पूर्वउपप्रधानमन्त्रीद्वारा धनुषाका पत्रकार नेताहरुलाई सम्मान

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**

पूर्व उपप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका पूर्वउपसभापति बिमलेन्द्र निधिले लोकतन्त्र र सञ्चार एक अर्काको पूरक भएकाले लोकतन्त्रविना स्वतन्त्र सञ्चारको कल्पना गर्न कठिन हुने बताएका छन् । पूर्वउपप्रधानमन्त्री निधिले नेपाल पत्रकार महासङ्घ धनुषाको निर्वाचनमा नवनिर्वाचित पदाधिकारीलाई निवासमै आइतबार सम्मान गर्दै नेपालको हरेक परिवर्तनमा सञ्चारकर्मीको अहम् भूमिका रहेकाले परिवर्तनलाई संस्थागत गर्नका लागि पनि कलम चलाउन आग्रह गरे । उनले राज्यलाई सकारात्मकरूपमा मुलुक बनाउने कार्यमा अझ बढी जिम्मेवार बनाउन खबरदारी गर्न जरुरी रहेको बताए । कांग्रेसका नेता निधिले सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई अझ बढी मजबुत बनाउनका लागि सञ्चारकर्मीको पनि ठूलो जिम्मेवारी रहेको बताउँदै यसको अभ्यासमा भएको कमी कमजोरीको विषयमा कलम चलाइदिन आग्रह गरे । उनले कांग्रेस जहिले पनि स्वतन्त्र सञ्चारको पक्षमा रहेको बताए ।

# 'आयोजनाको प्राथमिकताका आधारमा ऋण लिनुपर्ने'

**मधेशद्दष्टि**
**वीरगंज ।**

नेपाली कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले आयोजनाको प्रभावकारिता र प्रथामिकताका आधारमा ऋण लिएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् । नेपाल प्रेस युनियन पर्साद्वारा आइतबार आयोजित पत्रकार सम्मेलनमा पूर्वअर्थमन्त्रीसमेत रहेका महतले सरकारले कोभिड–१९ पछि लिइएका ऋण तिर्न समस्या भइरहेकाले जथाभावी ऋण लिन नहुने धारणा राखे ।

उनले विगत पाँच वर्षयता सरकारले लिएको आन्तरिक तथा बाह्य ऋण तिर्न समस्या भइरहेकाले आवश्यकताका आधारमा मात्रै ऋण लिनुपर्ने बताए । 'आयोजनाको प्रभावकारिता र प्रथामिकताको आधारमा मात्रै ऋण लिएर प्रतिफल आउने क्षेत्रमा लगानी गर्नुपर्छ । त्यसो गर्न नसकिएको खण्डमा मुलुकमा ऋणको व्ययभार बढ्नेतर्फ सचेत रहन जरुरी छ,' प्रवक्ता महतले भने । पूर्वअर्थमन्त्री महतले छिमेकी मुलुक चीन र भारतबाट अनावश्यक ऋण लिन नहुने धारणा राखे । 'विश्व बैंक, एसियन विकास बैंक (एडिबी) लगायत सस्तो ब्याजदरको ऋण सदुप्रयोग गरी प्रतिफल केन्द्रित योजनामा लगानी गर्नुपर्छ,' उनले भने, 'विभिन्न सर्त र प्रावधान राखेर लिने ऋण मुलुकको हितका लागि हुन्छन् वा हुँदैनन् त्यसतर्फ सचेत हुनु जरुरी छ ।'

कांग्रेसका प्रवक्ता महतले बैंक तथा वित्तीय संस्थाले कोभिड–१९ को समयमा निजीक्षेत्रलाई प्रवाह गरेको ऋण अहिले उठाउन समस्या भइरहेको बताए । 'कोभिडको समयमा व्यापार, व्यवसाय सबै स्थिर भएकाले त्यो बेला खर्च गर्ने ठाउँ भएन ।

अर्थतन्त्र चलायमान नहुँदा निजी क्षेत्रले पहिला लिएको ऋण तिर्न अहिले मुस्किल भइरहेको छ,' उनले भने, 'अहिले पनि बैंक तथा वित्तीय संस्थामा जम्मा भएको पुँजी ऋणको रूपमा प्रवाह हुन सकिरहेको छैन । यसले मुलुकको अर्थतन्त्र पूर्ण रूपमा चलायमान हुन सकिरहेको छैन ।'

प्रवक्ता महतले सरकार र निजीक्षेत्र दुवैले प्रभावकारी र प्रतिफल दिने आयोजनामा मात्र लगानी गर्नुपर्नेमा जोड दिए । वर्तमान सरकारले आर्थिक अनुशासन र राज्यको प्रथामिकतालाई ध्यानमा दिएर काम गर्नुपर्ने उनले बताए । 'सरकारले कुनै पनि आयोजनाका लागि बजेट विनियोजित गर्दा बढीभन्दा बढी नागरिकलाई फाइदा पुग्ने योजनालाई प्रथामिकता दिनुपर्छ ।

बजेट विनियोजन भएपछि सोको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक अनुगमन र मूल्याङ्कन गर्नु जरुरी छ,' कांग्रेसका प्रवक्ता महतले भने ।




# पेट्रोलको मूल्य बढ्दा डिजेल र मट्टितेलको घट्यो

**काठमाडौ ।**

नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ भने डिजेल र मट्टितेलको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको आइतबारको बैठकले राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ बढाएर डिजेल र मट्टितेलमा प्रतिलिटर दुई रुपैयाँ घटाएको हो ।

निगमले पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर एक सय ५९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ६१ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ६२ रुपैयाँ तोकेको छ । यस्तै डिजेल र मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ४८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ५१ रुपैयाँ निर्धारण गरिएको छ ।

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलबारी, नेपालगंज, धनगढी र वीरगंज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौ, पोखरा र दिपायल तोकेको छ ।

डिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ । इन्डियन आयल कर्पोरेशनबाट प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा दुई रुपैयाँ २८ पैसा बढेको र डिजेलमा प्रतिलिटर एक पैयाँ ४८ पैसा घटेकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# प्रहरीद्वारा पर्सासँ भन्सार नै चुकाएल कपड़ा बरामद

**वीरगंज ।**
पर्साक वीरगंज महानगपालिका–६ लाटगल्लीसँ सशस्त्र प्रहरी बल ३० लाख टका बराबरके कपड़ा बरामद केलक अइछ ।
विशेष सूचनाक आधारमे सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म आ वीरगञ्ज भन्सार कार्यालयसँ खटल टोली गोदाममे भण्डारण कएल जा रहल भन्सार नै चुकाएल कपड़ा आ कस्मेटिक सामान नियन्त्रणमे लेने सशस्त्र प्रहरी बलके सहप्रवक्ता शैलेन्द्र थापा जानकारी देलैन ।
बरामद कएल गेल कपड़ामे कुर्तासुरूवाल एक हजार छ सओ २७ थान, स्काफ एक हजार सात सओ २२ थान, सल दू हजार सात सओ ६८ थान, लेडिज ब्याग, साडीपिन, लङ्कोटलगायत रहल अइछ ।
उक्त सामानक दाम ३० लाख ४९ हजार सात सओ टका कायम क आवश्यक कारबाहीक लेल वीरगञ्ज भन्सार कार्यालयमे बुझाएल गेल अइछ ।

# एनपिएलः काठमाण्डू एक विकेटसँ विजयी

**काठमाण्डू ।**
जारी नेपाल प्रिमियर लिग (एनपिएल) के आजुक पहिल खेलमे काठमाण्डू गुर्खाज विराटनगर किङ्ग्सकेँ एक विकेटसँ पराजित केलक अइछ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमे विराटनगरद्वारा देल गेल एक सओ १८ रनक लक्ष्य काठमाण्डू १८ दशमलव एक ओभरमे नौ विकेट क्षतिमे पूरा केलक ।
काठमाण्डूक लेल प्रतिक श्रेष्ठ सर्वाधिक ३९ रन बनेलैथ । शङ्कर राना अविजित १६, रासिद खान १४, गेर्हार्ड इरास्मस १२, दिपेश कँडेल अविजित ११ आ माइकल लेविट १० रनक योगदान देलैन ।
तहिना, काठमाण्डूक लेल शाहब आलम दू रन , स्टीफन एस्किनाजी, भीम सार्की आ डेन डउथवेट समान एक–एक रन बनेलक । काठमाण्डू अतिरिक्त १३ रन प्राप्त केलक । बलिङदिस विराटनगरक कप्तान सन्दीप लामिछाने सर्वाधिक तीन विकेट लेलैन । तहिना, क्रिस सोल, बसिर अहमद आ अनिल खरेल समान दू–दू विकेट लेलैन ।
पहिने टस हाइर क ब्याटिङ कएल विराटनगर १९ दशमलव ५ ओभरमे सब विकेटक क्षतिमे एक सओ १७ रन बनौने छल ।
विराटनगरके लेल राजेश पुलामी सर्वाधिक २५ रन , दिपक बोहरा २०, स्कट एडवर्ड्स १५, बसिर अहमद १३ आ निकोलस किर्टन १२ रन बनेलैन । विराटनगरक लेल लोकेश बम ८, सुवास भण्डारी ६, इस्मत आलम ५ आ क्रिस सोल एक रनक योगदान देलैन । विराटनगर अतिरिक्त १२ रन प्राप्त केलक ।
बलिङदिस काठमाण्डूक लेल गेर्हार्ड इरास्मस सर्वाधिक ३ विकेट, दिपेश कँडेल २ विकेट , कप्तान करण केसी, शाहब आलम आ डेन डउथवेट एक–एक विकेट लेलैन ।

# ग्याससँ आइगलगी भेलापर सात लाखसँ उपरके क्षति

**सिरहा ।**
जिलाक सुखिपुर नगरपालिका–३ सलमपुरमे ग्यास चुहावट भ आइगलगी भेलासँ पाँच लाख ५५ हजार टका बराबरके क्षति भेल अइछ ।
शैनदिन राइत अचानक ग्यास सिलिण्डर विष्फोट भ आइगलगी भेलासँ किराना दोकानक समान, रिचार्ज कार्ड, नगदसहित पाँच लाख ५५ हजार टका बराबरक क्षति भेल जिला प्रहरी कार्यालय जनौलक अइछ ।
स्थानीय सुलिन्दर दासक एकटा पक्की घरमे भरत साह सटर भाडामे ल चला रहल किराना दोकान बन्द क घर गेल समयमे ग्यास चुहावट भ उक्त सटर तथा बगलके सटर अनिलकुमार दासक किरानामे सेहो आइगलगी भेल जिला प्रहरी कार्यालयक प्रवक्ता, प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासमान जानकारी देलैन ।
अनिल कुमार दासक किरानामे चाउर, गँहुम, तेलसहित दू लाख २३ हजार टका बराबरके क्षति भेल अनुमान कएल गेल अइछ ।
इलाका प्रहरी कार्यालय महेशपुर पताइरसँ खटल प्रहरी टोली, गोलबजार नगरपालिकाक पाइनक दमकल आ स्थानीयक सहयोगमे शैनदिन राइत १० बजे आइग पूर्ण रूपमे नियन्त्रणमे आएल कहैत मानवीय क्षति नै भेल प्रहरी नायब उपरीक्षक पासमान जानकारी देलैन । घटनाबारे प्रहरी आओर अनुसन्धान क रहल अइछ ।

# ‘आयोजनाक प्रथामिकताक आधारमे कर्जा लिय पड़त’

**वीरगंज ।**
नेपाली कांग्रेसक प्रवक्ता प्रकाशशरण महत आयोजनाके प्रभावकारिता आ प्रथामिकताक आधारमे कर्जा ल कार्यान्वयन करबाक बातपर जोड़ देलैन अइछ ।
नेपाल प्रेस युनियन पर्साद्वारा आइ एत आयोजित पत्रकार सम्मेलनमे पूर्वअर्थमन्त्रीसमेत रहल महत सरकारद्वारा कोभिड–१९ बाद लेल गेल कर्जा चुकेबामे समस्या भ रहलासँ जभाभावी कर्जा लेबाक नै चाही से विचार व्यक्त केलैन । ओ विगत पाँच वर्षँस एम्हर सरकारद्वारा लेल आन्तरिक तथा बाह्य कर्जा चुकेबामे समस्या भ रहल बतबैत आवश्यकताक आधारमे मात्ते कर्जा लेबाक चाही बतौलैन ।
‘आयोजनाके प्रभावकारिता आ प्रथामिकताक आधारमे मात्ते कर्जा लेब त प्रतिफल आबैबला क्षेत्रमे लगानी कर पड़त । तेना नै कएल गेलापर देशमे कर्जाके व्ययभार बढ़त, ताहिदिस सचेत रहब जरुरी छै,’ प्रवक्ता महत कहलैन ।
पूर्वअर्थमन्त्री महत पड़ोसी देश चीन आ भारतसँ अनावश्यक कर्जा नै लेबाक चाही, अपन विचार व्यक्त करैत कहलैन । ‘विश्व बैंक, एसियन विकाश बैंक (एडिबी) लगायत स सहुलियत ब्याजदरके कर्जा सदुप्रयोग क प्रतिफल केन्द्रित योजनामे लगानी कर पड़त,’ ओ कहलैन, ‘विभिन्न सर्त आ प्रावधान राइख क लेल जाएबला कर्जा देशक हितमे हेतै वा नै ताहिदिस सचेत हएब जरुरी छै ।’
कांग्रेसक प्रवक्ता महत बैंक तथा वित्तीय संस्था कोभिड–१९ क समयमे निजी क्षेत्रकेँ प्रवाह कएल कर्जा एखन उठाबैमे समस्या भ रहल बतौलैन । ‘कोभिडके समयमे व्यापार, व्यवसाय सब स्थिर भेलासँ से समय खर्च करबाक ठामँ नै रहए । अर्थतन्त्र चलायमान नै भेलासँ निजी क्षेत्रद्वारस पहिने लेल कर्जा चुकेबामे एखन मुस्किल भ रहल अइछ,’ ओ कहलैन, ‘एखनो बैंक तथा वित्तीय संस्थामे जमा भेल पुँजी कर्जाके रूपमे प्रवाह नै भ रहल छै । अइसँ देशक अर्थतन्त्र पूर्ण रूपमे चलायमान नै भ पाइब रहल अइछ ।’
प्रवक्ता महत सरकार आ निजी क्षेत्र दुनु प्रभावकारी आ प्रतिफल दैबला आयोजनामे मात्र लगानी करबामे जोड़ देलैन । वर्तमान सरकारके आर्थिक अनुशासन आ राज्यके प्रथामिकताकेँ ध्यानमे द काज करब जरूरी रहल ओ बतौलैन । ‘सरकार कोनो आयोजनाक लेल बजेट विनियोजित करैत काल बेसीसँ बेसी नागरिककेँ फाइदा पहुँचाबैबला योजनाकेँ प्राथमिकता दिय पड़त । बजेट विनियोजन भेलाक बाद तकर प्रभावकारी कार्यान्वयनक लेल आवश्यक अनुगमन आ मूल्याङ्कन करब जरुरी छै,’ कांग्रेसक प्रवक्ता महत कहलैन ।

# दश गोटे स्रष्टाकेँ जनही एक लाख ५० हजा टकारके पुरस्कार

**काठमाण्डू ।**
काठमाण्डू महानगरपालिका ३०म् वार्षिकोत्सवक अवसरमे १० गोटे स्रष्टाकेँ जनही एक लाख ५० हजार टकासहित सम्मान केलक अइछ ।
कामपाद्वारा शैनदिन आयोजित कार्यक्रममे उपराष्ट्रपति रामसहायप्रसाद यादव, महानगर प्रमुख बालेन्द्र साह, उपप्रमुख सुनीता डङ्गोललगायतके सहभागितामे चित्रकार किरण मानन्धरसहित १० गोटेकेँ नगदसहित सम्मान कएल गेल अइछ ।
लोकगायन क्षेत्रसँ कुमार बस्नेत, स्वास्थ्य क्षेत्रसँ डा अरुण सायमी, राजनीति आ समाज सेवादिससँ कामपाक पूर्वप्रमुख पिएल सिंह, कलाकारिताअन्तर्गत चलचित्र क्षेत्रसँ नरेन्द्र कंसाकार, साहित्य क्षेत्रसँ मल्ल के सुन्दरकेँ सम्मान कएल गेल अइछ ।
खेलदिस तेक्वान्दोक सङ्गिना वैद्य, भलिबलके प्रतिभा माली आ क्रिकेटके ज्ञानेन्द्र मल्ल सम्मानित भेल कामपा जनौलक अइछ । सम्मानित व्यक्तित्वकेँ नगद एक लाख ५० हजार टकासहित पुरस्कार प्रदान कएल गेल अइछ ।
समारोहमे कामपाक ३२ टा वाड अपन–अपन सांस्कृतिक झाँकी, महानगर प्रहरी बलके कवाज, खेलक सङे कामपा शहरी सेवा तथा सुविधा वितरण आ शहरी व्यवस्थापनक लेल प्रयोग कएल जाएबला साधन आ उपकरणक प्रदर्शन कएल गेल छल ।
दमकल, एम्बुलेन्स, सड़क सफा करबाक ब्रुमर, फोहर सङ्कलन करबाक सवारीलगायत उपकरण प्रदर्शन कएल गेल छल । शैनदिन भोर १० बजेसँ टुँडिखेल मैदानमे मौलिक खाना, पेयपदार्थ आ ‘एक वाड एक नमूना उत्पादन’अन्तर्गत उत्पादित वस्तु तथा सामग्रीके प्रदर्शनी शुरू कएल गेल कामपा जनौलक अइछ ।
शैनदिन साङ्गीतिक कार्यक्रम आयोजन भेल छल । ओइ कार्यक्रममे बाबुकृष्ण परियार, इन्द्रकला राई, उर्गेन दोङ्, सुगम पोखरेल एण्ड द बाजागाजा, केहर लिम्बू एण्ड जोय ब्याण्ड, महेस काफ्ले, अस्मिता अधिकारी, कुमे सागर, दीप श्रेष्ठ, ओमविक्रम विष्ट, जेम्स प्रधान, सुजिल कर्माचार्य, सञ्जय श्रेष्ठ, योगेश्वर अमात्य, रचना रिमाल, सुशान्त घिमिरे, सन्दिप विष्ट, चक्र बमलगायत कलाकार प्रस्तुति देलैथ ।

# धौली पावैन मनाबैत किरात समुदाय

**काठमाण्डू ।**
मार्गशीर्ष शुक्ल पूर्णिमाक दिन आइ पितृक मान आ प्रकृतिके सम्मानक रूपमे किरात समुदाय उधौली पावैन मना रहल छैथ । उधौलीक अवसरमे किरात समुदायक याक्खा चासुवा, सुनुवार फोलस्यादर, राई उधौली सकेला आ लिम्बूसभ चासोका तङनाम मनाबैत छैथ ।
किरात संस्कृतिक बारेमे अनुसन्धानरत कीर्तिकुमार दुमी राई किरातभितरके जातजाति ई पावैनकेँ अलग अगल नाम देलोपर समग्रमे उधौलीक नामसँ जानल जेबाक बतौलैन । किरात समुदाय अन्नबाली काटलाक बाद इष्टदेवताकेँ चढाएब, भोजनक लेल अनुमति लेब तथा पितृकेँ स्मरण करबाक दिनकेँ उधौली पावैनक रुपमे मनाबैत अइछ ।
बाइल लगेबाक क्रममे किरात समुदाय उभौली पावैन मनाबैत छैथ । भूमिपूजा करैत आइ भोरेसँ किरात महिला तथा पुरुष जातीय वेशभूषामे सइज क विभिन्न सिली (नाच)सहित पावैन मनाबैत अइछ ।
ललितपुरक ‘सानो हात्तीवन’ किरात कालक ऐतिहासिक तथा धार्मिकस्थल मानल जाइ छै । सानो हात्तीवनमे आइ पूजासहित किरात चाड़केँ विशेष रूपमे मनाबैत छै । पूजाक बाद अपन–अपन परम्पराअनुसार साकेला सिली, च्याब्रुङ नाइच मनोरञ्जन करबाक चलन अइछ ।
वैशाख शुक्ल पूर्णिमामे उभौली पूजा कएने किरात आइ उधौली पूजा केलाक बाद उपरसँ निचा भागमे जाइ छैथ । जकरा पर्यावरण अनुकूलता अनुरुपक काजके रूपमे मानल जेबाक संस्कृतिक अनुसन्धाता राई बतौलैन । जाढ़मे निचाँ भागमे जाएब गर्मीमे उपर लेकमे जेबाक प्रकृयाकेँ उधौली आ उभौली पावैनके रुपमे लेल जाइत छै । उभौलीमे खेतीपाती नीक होए कहि क पूजा करबाक आ उधौलीमे खेतीपाती नीक भेल ताहि लेल साकेला (भूमे)केँ धन्यवाद देल जाइत अइछ ।
सांस्कृतिक पावैन सामुदायिक आ सामाजिक एकता कायम करबामे सहयोग पहुँचेने अइछ राष्ट्रपति रामचन्द्र पौडेल विविधतायुक्त नेपाली समाजमे सद्भाव, सहिष्णुता आ भ्रातृत्वक भाव अभिवृद्धि क राष्ट्रिय एकताकेँ आओर सुदृढ बनेबामे सहयोग पहुँचबाक विश्वास व्यक्त केलैन अइछ ।
उधौली पावैन २०८१ का अवसरमे शुभकामना सन्देश दैत राष्ट्रपति पौडेल स्वदेश तथा विदेशमे रहल सम्पूर्ण नेपाली दिदीबहिन तथा भाइमे सुख, शान्ति आ समृद्धिक कामना केलैथ। राष्ट्रपति पौडेल किरात समुदायक मूलतः राई, लिम्बू, सुनुवार आ याक्खासभ उधौली पावैनमे परम्परागत वेशभूषा पहिर क सार्वजनिकस्थलमे जमा भ सामूहिक रूपमे साकेला सिली (नृत्य) करैत विविध कार्यक्रम क मनाबैत आइब रहल सन्देशमे उल्लेख केलैन अइछ ।
उधौली पावैन जाढ़ मौसममे लोक, जीवजन्तु तथा पंक्षी उपरका भागसँ तरका भागमे बसोबास करबाक समय भेल सङ्केत करबाक स्पष्ट करैत ओ कहलैथ, ‘अइ पावैनमे नयाँ अन्नबाली पितृकेँ चढाए पितृपूजा करबाक सङे भूमिक पूजा सेहो कएल जाइत
अइछ ।’
प्रकृतिसङ अभिन्न सम्बन्ध रहल किरात समुदायके एहि पावैन नेपालक सब जाइतजातिबीच आपसी सद्भाव बढेबाक सङे पारिवारिक, सामुदायिक आ सामाजिक एकता कायममे सहयोग कएल हुनक कहब अइछ ।
विभिन्न जाइतजाति आ समुदायसभके साझा फूलबाइरक रूपमे रहल नेपालमे उधौली जकाँ पावैनक अपन सांस्कृतिक, जातीय आ भाषिक विविधताकेँ अपनामे गुइथ क सामाजिक सद्भाव, राष्ट्रिय एकता आ साझा नेपालीक पहिचान कायम करबामे अहम् भूमिका रहल राष्ट्रपतिक कथन अइछ ।
राष्ट्रपति पौडेल विविधतायुक्त नेपाली समाजमे आपसी सद्भाव, सहिष्णुता आ भ्रातृत्वके भावना अभिवृद्धि भ राष्ट्रिय एकताकेँ आओर सुदृढ बनेबामे सहयोग पहुँचेबाक विश्वाससहित उधौली पावैनके शुभकामना व्यक्त केलैन अइछ ।
प्रधानमन्त्रीद्वारा धान्य पूर्णिमाक शुभकामना
प्रधानमन्त्री केपी शर्मा ओली धान्य पूर्णिमा, उधौली, यमरीपुन्ही आ ज्यापु दिवसके अवसरमे पावैन मनौनिहार सबप्रति हार्दिक शुभकामना व्यक्त केलैन अइछ ।
सामाजिक सञ्जालमार्फत ओ स्थानअनुसारके पावैन मनाएल जेबाक उल्लेख करैत लिखलैथ, ‘आइ धान्य पूर्णिमाक दिन । पुरान कृषि युगमे एहि दिनके पैघ महत्व छै ।
अखारमे रोपल धान अगहनमे कटलाक बाद प्रमुख खाद्यान्न धानप्रति कृतज्ञ होबाक पावैन भेलासँ आजुक दिनकेँ धान्य पूर्णिमा कहल गेल अइछ ।’
प्रधानमन्त्री ओली पूर्वी पहाड़मे जाढ़सँ बचाबाक लेल उँभो लेकसँ बेँसी (उँधो) निचा जेबाक दिनके रूपमे आइ उधौली पावैन मनेबाक प्रचलन रहल बतौलैन अइछ ।

# एके सालमे तीन करोड़सँ बेसी कृषि उपज बिक्री

**म्याग्दी ।**
अइ ठाँमक बेनी नगरपालिका–४ सिङ्गामे सञ्चालित हरियाली कृषि फार्म एक सालक अवधिमे तीन करोड़ टकासँ बेसी दामक कृषि उपज बिक्री केलक अइछ ।
गत आर्थिक वर्ष २०८०–८१ मे तीन करोड़ १६ लाख ६३ हजार चाइर सओ ७८ टका बराबरके अण्डा, सागसब्जी, माछ, फूल, मल आदि कृषिजन्य वस्तु बिक्री कएल उक्त कम्पनी जनौलक अइछ । कम्पनी प्राकृतिक इलाजस्थलके रूपमे परिचित सिङ्गा तातोपानीमे स्नान आ भ्रमणके लेल एनिहार पाहुनके लेल सिङ्गामे रेष्टुरेष्ट आ होटल सेहो सञ्चालन कएल कम्पनीक अध्यक्ष शेरबहादुर केसी जानकारी देलैन ।
वितल वर्षक तुलनामे तरकारी तथा फलफूल, लेयर्स मूर्गा, लोकल मूर्गा, मल बिक्री आ रेष्टुरेण्टदिसके आम्दानी बढ़ल ओ जानकारी देलैन । १२ करोड़ टका लगानी भेल हरियाली म्याग्दीके सबसँ पैघ कृषि फार्म छी । ६४ गोटे शेयर सदस्यके चाइर करोड़ ८३ लाख टका शेयर पुँजी रहल कम्पनीमे राष्ट्रिय वाणिज्य बैंक पाँच करोड़ टका सहुलियतपूर्ण ब्याज अनुदानके कर्जा लगानी केलक अइछ ।
सिङ्गामे १७ परिवार किसानके ८५ रोपनी, आङेबगरमे १९ परिवारक ८५ रोपनी आ भकिम्लीमे १० दशमलव पाँच रोपनी जमीनधनीसँ भाडा सम्झौता क कृषि फार्म सञ्चालन कएल गेल अइछ ।




# दुर्घटनामा युवकको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको बोदेबरसाइन–सुभनपट्टी खण्डअन्तर्गत बोदेबरसाइन नगरपालिका–१० खडकपुरमा स्कारपिओले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ ।

दुर्घटना हुनेमा मोटरसाइकल पछाडि सवार खडक नगरपालिका–७ कल्याणपुर बस्ने अन्दाजी ३२ वर्षीय मोहम्मद कोराइस अलिको अस्पताल जाने क्रममा मृत्यु भएको हो । सुभनपट्टीबाट बोदेबरसाइनतर्फ आउँदै गरेको विआर ०७ बिएबी ८१७२ नं भारतीय स्कारपिओले विपरीत दिशाबाट आएका मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल पछाडि सवार खडक नगरपालिका–७ कल्याणपुर बस्ने अन्दाजी ३२ वर्षीय मोहम्मद कोराइस अलिको मृत्यु भएको इलाका प्रहरी कार्यालय बोदेबरसाइनले जनाएको छ । अलिको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

दुर्घटनामा परेको मोटरसाइकल चालक सोही खडक नगरपालिका ११ का अन्दाजी वर्ष २४ का मोहम्मद सदाम गम्भीर घाइते भएका छन् । उनको स्थानीय जीवनज्वति अस्पताल बोदेबर्साइनमा उपचार भइरहेको तथा ठक्कर दिने स्कारपिओ इलाका प्रहरी कार्यालय बोदेबर्साइनको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । स्कारपिओका चालक फरार रहेको प्रहरीले बताए । साथै दुर्घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले बताए ।


**टिनको भकारी:** महोत्तरीको जलेश्वर–८ स्थित गाउँमा बिक्रीका लागि व्यापारीले लगेको टिनको भकारी । टिनको भकारीमा अन्न राख्न सहज हुने किसान बताउँछन् । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# अख्तियार कार्यालय बर्दिवासबाट छ हजार बढी उजुरी फछ्र्योट

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दीवासले मधेश प्रदेशको विभिन्न जिल्लाबाट विगत दुई आर्थिक वर्षमा परेका उजुरीमध्ये छ हजार चार सय ७२ उजुरी फछ्र्योट गरेको जनाएको छ । सो कार्यालयबाट प्राप्त प्रतिवेदनका अनुसार सो कार्यालयमा आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ मा मधेश प्रदेशको आठ जिल्लाबाट कुल आठ हजार पाँच सय २९ उजुरी दर्ता भएको थियो । जसमध्ये सबैभन्दा बढी धनुषाबाट उजुरी परेको थियो । प्राप्त प्रतिवेदनमा उक्त दुई आर्थिक वर्षमा धनुषाबाट एक हजार चार सय २२ उजुरी परेकामा



एक हजार ५६ उजुरी फछ्र्योट भएको थियो । त्यसैगरी, दुई वर्षमा बाराबाट एक हजार दुई सय सात उजुरीमध्ये आठ सय ८७, सप्तरीबाट एक हजार एक सय ७० उजुरीमध्ये नौ सय ७१, रौतहटबाट एक हजार ३५ उजुरीमध्ये सात सय ३४, महोत्तरीबाट एक हजार २२ उजुरीमध्ये आठ सय ३४ उजुरी फछ्र्योट भएको जानकारी दिइएको छ । त्यस्तैगरी, पर्साबाट नौ सय ५६ उजुरीमध्ये छ सय ९१, सिरहाबाट आठ सय ८१ उजुरीमध्ये छ सय ८७ तथा सर्लाहीबाट आठ सय ३६ उजुरीमध्ये छ सय ४२ उजुरी फछ्र्योट भएको कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । उपरोक्त उजुरीमध्ये ८० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको सो कार्यालयले जनाएको छ । सो सम्बन्धित गत असोज महिनामा सो कार्यालयका प्रमुख रामबहादुर कुरूम्वागंले मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसमक्ष आफ्नो कार्यालयको वार्षिक प्रतिवेदनसमेत बुझाएका थिए ।

# महानगर–२६ मा १५ दिने निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २६ मा १५ दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर २६ को कार्यालयद्वारा आयोजित शिविरमा मधुमेह तथा रक्तचाप सम्बन्धी रोगको निःशुल्क परिक्षण गरिएको हो । शिविरमा १ सय १६ जनाले स्वास्थ्य परिक्षण गराएका थिए । जसमध्य ३ जनामा मधुमेह रोगको समस्या देखिएको थियो । कार्यक्रमको उद्घटना गर्दै वीरगंज महानगरपालिका वडा नम्बर २६ का वडा अध्यक्ष शम्भु मिश्राले पछिल्लो समय विश्वमा मधुमेह र रक्तचापका विरामीहरुको संख्या बढ्दै गएको हुँदा आफ्ना वडाका जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै १५ दिने शिविरको आयोजना गरिएको बताए । उनले बिहान ७ ः ३० बजेदेखि ११ बजेसम्म शिविर संचालन रहेको हुँदा इच्छुक व्यक्तिले आएर स्वास्थ्य परीक्षण गराउन सकिने बताए ।

बिहान ५ बजे नै पिडिएफ उपलब्ध
मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्
PDF
मधेशदृष्टिका प्रिय पाठक, तपाई इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# ग्यास चुहावट भई आगलागी हुँदा सात लाखबढीको क्षति



**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लाको सुखिपुर नगरपालिका–३ सलमपुरमा ग्यास चुहावट भई आगलागी हुँदा रु पाँच लाख ५५ हजार बराबरको क्षति भएको छ । शनिबार राति अचानक ग्यास सिलिण्डर विष्फोट भई आगलागी हुँदा किराना पसलमा रहेका सामान, रिचार्ज कार्ड, नगदसहित पाँच लाख ५५ हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । स्थानीय सुलिन्दर दासको एक तले पक्की घरमा भरत साहले सटर भाडामा लिई किराना पसल र प्रिमा ग्यास डिलर सञ्चालन गर्दै आएका थिए । साहले पसल बन्द गरी घर गएको बेलामा ग्यास चुहावट भई अचानक आगलागी हुँदा छ थान ग्यास विष्फोट हुनुका साथै साहको किराना पसल र सोही घरको अर्को सटरमा अनिलकुमार दासको किराना पसलमा पनि आगलागी भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानले जानकारी दिए । भरत साहको डिलरमा रहेको छ थान ग्यास, सहित किराना सामग्री, एनसेल र एनटिसीको दुई लाख रुपैयाँ रिचार्ज कार्ड, नगद पचास हजार गरी पाँच लाख ५५ हजार मूल्य बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको प्रहरी नायब उपरीक्षक पासवानले बताए । उनका अनुसार अनिलकुमार दासको किराना पसलमा आगलागी हुँदा चामल, गँहु, खाने तेललगायत दुई लाख २३ हजार बराबरको क्षति किराना सामग्री क्षति भएको अनुमान गरिएको छ । इलाका प्रहरी कार्यालय महेशपुर पतारीबाट खटिएको प्रहरी टोली, गोलबजार नगरपालिकाको पानी दमकल र स्थानीयको सहयोगमा शनिबार राति १० बजे आगो पूर्ण रूपमा नियन्त्रणमा आएको बताउँदै मानवीय क्षति भने नभएको प्रहरी नायब उपरीक्षक पासमानले जानकारी दिए । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# बस अनियन्त्रित भई पल्टिँदा २२ जना घाइते



**मधेशदृष्टि**
**महोत्तरी ।**
भिठामोडबाट जनकपुर आउँदै गरेको ना ४ ख १०६९ नम्बरको बस हुलाकी राजमार्गस्थित महोतरीको जलेश्वर नगरपालिका– ६ रातोपुलमा दुर्घटना हुँदा २२ जना घाइते भएका हुन् । जनकपुर आउँदै गरेको बस एक्कासी नियन्त्रित भई पुलको रेलिङ तोड्दै बस पल्टिएको हो । जसमा सवार मध्ये २२ यात्रु घाइते भएको र २ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी सन्तुलाल प्रसाद जयसवारले घाइतेमध्ये भारत परिहारकी २२ वर्षीया सरिता यादव र कोमल राउत गम्भीर घाइते भएका छन् । अन्य घाइतेको प्रादेशिक अस्पताल जलेश्वरमै उपचार भइरहेको र अवस्था सामान्य रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

# लोकतान्त्रिक खेलकुद संघको कार्यसमिति विस्तार

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल लोकतान्त्रिक खेलकुद संघले देशभर खेलकुदको विकासलाई थप सुदृढ गर्न आफ्नो कार्यसमिति विस्तार गर्ने घोषणा गरेको छ । यसै क्रममा पर्सामा पनि यहाँका खेलाडी तथा खेल सङ्ग सरोकार राख्ने सम्पुर्णको उपस्थितिमा श्याम पटेलको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला कार्यसमिति गठन गरिएको छ । यस कदमले खेलकुद क्षेत्रमा समावेशिता, प्रतिनिधित्व र रणनीतिक विकासलाई थप मजबुत बनाउने संघको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ । विस्तारित समितिमा विभिन्न क्षेत्र र खेल विधाबाट नयाँ सदस्यहरू समावेश गरिएका छन् । यी सदस्यहरूले खेल पूर्वाधार विकास, युवा सहभागिता, र खेल भावना प्रवर्द्धनका लागि अनुभव र उत्साहका साथ योगदान पुरP्याउनेछन् । समितिको उपाध्यक्षमा अशेश्वर प्रसाद कुर्मी, महिला उपाध्यक्षमा रोशनी श्रेष्ठ, सचिवमा राजेश पटेल, सचिवमा अमित आलोक, सह–सचिवमा हिरा श्रेष्ठ, कोषाध्यक्षमा सुबोध कुमार श्रीवास्तव, सदस्यहरुमा बाबु नन्द प्रसाद कुर्मी, जय प्रकाश ठाकुर, अरबाज हुसेन, नासिर खान, फिरोज अन्सारी, प्रेम शंकर चौधरी, बबुल कुमार चौहान, राज सहनी, मन्जय गिरी, लवराज गिरी, विवेक पन्जियार, चन्दन राम, अञ्जली पटेल, निता थापा, कमरुल होदा, चन्देश्वर पटेल, आकाश पटेल, ओम प्रकाश सिंह, पुष्पराज यादव, राजाबाबु गुप्ता, राज किशोर दास, दिलीप चौधरी, राम जन्म चौधरी र सन्दीप यादव रहेका छन ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी
डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
डेंगीका मूख्य लक्षणहरू
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु
डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।
वीरगंज महानगरपालिका
वडा नं.- ३२ को कार्यालय
पर्सा, मधेश प्रदेश

सम्पादकीय

# महासंघ नयाँ नेतृत्वसँगको अपेक्षा

*यही मंशिर २८ गते नेपाल पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्लास्तरीय नयाँ नेतृत्व चयन भएको छ । यसरी नयाँ नेतृत्व छानिनु पक्कै पनि नेपाली सञ्चारजगतका लागि एक सुखद् विषय हो । नयाँ नेतृत्वप्रति सञ्चारकर्मी, पाठक, र आम जनताका धेरै आशा एवम् अपेक्षा छन् । यी अपेक्षाहरूले मात्र महासंघको सक्षमता र प्रभावकारितालाई परख गर्ने छैन, सञ्चार क्षेत्रकै भविष्यलाई समेत दिशा निर्देश गर्नेछन् । नयाँ नेतृत्वको पहिलो प्राथमिकता स्वतन्त्र र जिम्मेवार पत्रकारिताको प्रवर्द्धन गर्नु हुनुपर्छ । सरकारबाट विभिन्न समयमा विभिन्न बाहनामा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा अंकुश लगाउने विभिन्न प्रयास हुने गरेको पाइने गरिएको परिप्रेक्ष्यमा, महासंघले पत्रकारहरूको हकहितका लागि सशक्त भूमिका खेल्नुपर्ने आवश्यकता छ।*

*पत्रकारिताको क्षेत्रमा चुनौतीपूर्ण परिस्थितिहरू, आर्थिक समस्याहरू र कार्यस्थलमा विभिन्न प्रकारका शोषण हुने गरेको पाइन्छ । नयाँ नेतृत्वले पत्रकारहरूको पेशागत सुरक्षाका लागि ठोस नीति र कार्यक्रम ल्याउनुपर्नेछ। यसमा बीमा योजना, स्थिर आम्दानीको सुनिश्चितता र अन्य सामाजिक सुरक्षाका उपायहरू प्राथमिकतामा पर्नुपर्छ। शहर होस् वा ग्रामीण क्षेत्र सबै ठाउँमा हुने पत्रकारिता र पत्रकारका समस्यालाई सम्बोधन हुने गरी कार्य गर्न पत्रकार महासंघको नयाँ नेतृत्व लागिपर्नुपर्छ। नयाँ नेतृत्वले देशका दुर्गम र ग्रामीण क्षेत्रका पत्रकारहरूको आवाज उठाउन र उनीहरूलाई स्रोत र साधन उपलब्ध गराउन विशेष पहल गर्नुपर्छ । यसका साथै डिजिटल युगको मिडिया विकासका लागि पत्रकार महासंघले महत्वपूर्ण भूमिका खेल्नुपर्छ। पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रमहरू सञ्चालन गर्दै डिजिटल पत्रकारितामा आवश्यक सीप र ज्ञान प्रदान गर्नु नयाँ नेतृत्वको महत्वपूर्ण कार्य हो।*

*महासंघको संरचना र प्रक्रियामा रहेका विभिन्न पारदर्शिताका साथै सञ्चालनमा रहेको जटिलतालाई मध्येनजर गर्दै यसको सुधार तथा विकासका लागि लाग्नुपर्ने देखिन्छ। नयाँ नेतृत्वले यसलाई चुस्त–दुरुस्त बनाउन पहल गर्नुपर्नेछ । संघलाई आर्थिक रूपमा सुदृढ बनाउँदै यसलाई सबै पत्रकारहरूका लागि खुला, सहयोगी र सुलभ बनाउन आवश्यक छ । महासंघले सञ्चार माध्यमलाई मात्र प्रतिनिधित्व गर्ने होइन, समाजका विभिन्न वर्गसँग सहकार्य गर्ने सेतुको भूमिकामा पनि काम गर्नुपर्छ । यसले पत्रकारिताको प्रतिष्ठा वृद्धि गर्न र समाजमा विश्वास कायम गर्न सहयोग पुऱ्याउँछ । अहिले नेपाली मिडियामा देखा परेका विभिन्न चुनौतीहरुको सामना गर्न महासंघले आफ्नो तर्फबाट विभिन्न खालका योजना बनाई कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । अभिव्यक्ति स्वतन्त्रतामाथि विभिन्न समयमा हुने हस्तक्षेप, राजनीतिक दबाब र आर्थिक अस्थिरता अहिलेको समस्या हुन् । पत्रकारहरूको पेशागत सुरक्षा अभाव, ग्रामीण पत्रकारिताको उपेक्षा र न्यून पारिश्रमिकले यस क्षेत्रलाई थप चुनौतीपूर्ण बनाएको छ । प्रविधिको तीव्र विकाससँगै डिजिटल माध्यममा फैलिने गलत सूचनाको नियन्त्रण, पत्रकारितामा व्यावसायिकता र आचारसंहिताको पालना, तथा पत्रकार र मिडिया संस्थाबीचको असन्तुलन पनि समस्या बनेका छन् । सशक्त कानुनी संरचना र समर्थन अभावले पत्रकारिताको स्वतन्त्रता खतरामा परेको छ । यी चुनौती समाधानका लागि सरकार, मिडिया संस्थाहरू र पत्रकार संघहरूले समन्वय गरेर काम गर्न आवश्यक छ।*

*नेपाल पत्रकार महासंघको नयाँ नेतृत्वले मात्र योजनाहरू बनाउन र प्रतिज्ञा गर्न पर्याप्त हुँदैन; ती योजनाहरूलाई कार्यान्वियन गर्ने इच्छाशक्ति र क्षमता देखाउनुपर्छ। नयाँ नेतृत्वले पत्रकारहरूको समस्यामा समाधान दिन सकेमा मात्र यसले सबैको विश्वास जित्न सक्छ । यसका लागि पारदर्शिता, जवाफदेहिता र एकतामा जोड दिनु अत्यावश्यक छ । नेपाली पत्रकारितालाई स्वतन्त्र, जिम्मेवार र समावेशी बनाउने दिशामा नयाँ नेतृत्वको सफलता सबैका लागि प्रेरणादायी बन्न सकोस्।*

# पत्रकारको भोट पत्रकारले नै हाल्न पाउलान् ?



रामकुमार एलन

नेपाल पत्रकार महासंघको २७ औँ महाधिवेशन सकिएको छ । महाधिवेशनले पहिलोपटक महासंघमा महिला अध्यक्षका रुपमा अग्रज पत्रकार निर्मला शर्मालाई पाएको छ । यो सत्तागठबन्धनको नेतृत्व हो। पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँले सधैँ भन्थे, 'पत्रकार हुनु भनेको प्रश्न सोध्ने अधिकार नरोकिनु हो, पत्रकार तबसम्म भइन्छ, जबसम्म ऊ प्रश्न सोध्ने हैसियतमा रहन्छ ।' तर यसपटक प्रश्न सोध्ने हैयिसतको पत्रकारहरु पाखा पारिएका छन् । नेपाल पत्रकार महासंघको अध्यक्षका एक उम्मेदवार देवीप्रसाद सापकोटाले समेत शिव गाउँलेले फोन गरेर 'निर्मला शर्मालाई सहयोग गर्नुहोस्' भनेको सामाजिक सञ्जाल मेटामै लेखेका छन्। नेकपा एमाले र नेपाली कांग्रेसको सत्तागठबन्धनकै पेरिफेरिमा जन्मिएको प्रेस युनियन–चौतारीको गठबन्धन हो यो । यसले नेपाल पत्रकार महासंघलाई नेतृत्व गर्ने अवसर पाएको छ।

नेपाल पत्रकार महासंघ मकवानपुरमा सदस्य थिएँ, २०५९ मा त कार्यसमिति सचिव नै थिएँ, नयाँ पुस्ताका भाइबहिनी आए। भेट हुँदा हामी दाइले लेखेको, बोलेको देखेर पत्रकार भएको भन्छन्। तर तिनीहरुलाई दलहरुका दलालहरुले पत्रकारिताको सामान्य सिद्धान्त पनि यस्तोसँग मेटाइदिए कि उनीहरु पत्रकार महासंघमा पुगेपछि मैरै सदस्यता संकटमा परेको थियो । बिहान विमान चढेर सिमरा, बारा पुगेँ, गाडी चढेर हेटौँडा पुगेँ। भोट हाल्ने ठाउँमा पुगेँ। २०–३० सदस्य भाइबहिनी, दमाली, अग्रजले न्यानोपन देखाउनु भयो। पर्दा पत्रकारलाई पत्रकार नै चाहिन्छ। तर एउटा मेसिनरी सामान बेच्नेले मैले पत्रकार महासंघको सदस्य त्यागेँ, तिमी पनि त्याग भन्यो, मौन बसेँ। बिहान टिभीमा काम गर्छु, बेलुका पत्रिकामा सम्पादक छु, कसरी दुईचार चम्चाका अगाडि उसले यसरी भन्नसक्यो, न म दालचामल बेच्नेहरुको वाणिज्य संघमै छु। ५० को दशकदेखि प्याच्च बोल्ने उसको थुतुनोसँग मेरो कुनै प्रतिवाद रहेन, भोट हालेँ, गाडी चढेँ, सिमरा फर्किएँ, काठमाडौ आएँ, बेलुका पत्रिकामा काम गर्नु नै थियो, मेसिन बेच्नु थिएन, कमिसनले जिन्दगी चलाउनु थिएन, प्रहरी प्रशासनका हाकिम फकाउनु पर्छ भनेर रक्सीका बोतल बोकेर सिडिओ नमानेपछि एसपीको क्वार्टर जानु थिएन। बरु एसपी साब भन्दैथिए, 'जम्मा दुई–तीन कार्टुन बियर माग्छन् यार, अचेल पत्रकारले रक्सी खान छाडेका हुन्, पुग्छ त्यतिले?'

अघिल्लो दिनदेखि नै पत्रकार महासंघको चुनावका लागि पार्टीका नेताहरुको तारन्तर फोन आइरहेको थियो । वर्षदिनमा एकदिन 'हाइहेल्लो' नगर्ने, समाचारको विषयबस्तु नदिने, एक कप चिया सँगै नखाएकाहरुलाई आफ्नो कार्यकर्ता जिताउनु थियो। साँझबिहान फोन गरेर हैरान पार्थे। भोट हाल्ने ठाउँमा पुगेको मात्रै । एउटा पार्टीका थुप्रै केन्द्रीय सदस्यहरु, प्रदेशमा मन्त्री भइसकेकाहरु घाम तापिरहेका थिए। सुनेँ, अर्को पार्टीका नेता, जनप्रतिनिधिहरु पनि बिहानै आएर आफ्ना 'भक्त'हरुले हार्लान् कि भनेर फरमान जारी गरेर हिंडिसकेका थिए। अर्को चैँ पत्रकार महासंघमा मैले टिकट दिएको मान्छे जिताउनु पर्छ भनेर एक्लै बसिरहेको थियो। केही पत्रकार साथीहरु भोट मागिरहेका थिए। अघिल्लो दिन नै दुई पार्टीले आफ्ना 'तलुवा'हरुलाई जिताउन 'कलुवा'हरुलाई निर्देशनात्मक अनुरोध गरेको थियो। पत्रकारको चुनावमा पार्टीले निर्देशन दिने तहमा संगठनहरु पुऱ्याउन अहोरात्र मेहनत गर्ने पत्रकार संगठनका ज्ञातअज्ञात नेताहरुको अनुहार सम्झिएँ, कठै दाइ पत्रकारहरुबाट संगठन खोसेर नेता भएका भाइ पत्रकारहरु!

हामी पत्रकार हौँ भन्ने धेरै देखिए। पछिल्लो समय तिनले लेखेको नयाँ एउटा समाचार, अडियो रिपोर्ट, भिडियो रिपोर्ट या फिचर खोज्न परे महाभारत नै हुने गर्छ । तर नेताहरुको गोजीबाट चुनावका बेला फुत्त–फुत्त यस्तरी उम्मेदवारहरु मैदानमा आउँछन् कि पार्टीका अध्यक्ष, पदाधिकारीहरु नै फलानाको टिकट के भयो भनेर चिन्तन गर्छन्। अलि अगाडि चुनाव हुने हल्ला हुँदा मैले आस्था राख्ने पार्टीका नेताले 'फलानोको टिकट के हुन्छ' भनेर सोधेका थिए। मैले 'म उठ्ने होइन' उनीहरुमध्येले पाउँछन् भनेको थिएँ । पछि त पार्टीमा अध्यक्ष र पदाधिकारीहरुकै चासो बढ्न थाल्यो । एउटा पत्रकार बोकेर नेताको घर टिकट माग्न जाने पार्टीका नेताहरु देखिन थाले । नेताको घर गएपछि टिकट पाइने भयो, संगठन किन गर्ने ? समाचार लेख्न छाडेर, कामधन्दा बिगारेर संगठनको नेता किन हुने ? एउटा नेताको सुरुवालको फेर समात्यो, उम्मेदवार भयो, जिते जिन्दावाद, हारे 'घातैघात' भनेर फेसबुकमा रोए भइगयो । यस्तै अनुहारहरुले यसपटक नेपाल पत्रकार महासंघका नेतृत्वमा टिकट पाएका छन्, केहीले जितेर पत्रकार नेताको पगरी गुथेका छन्। तिनले पत्रकारका मुद्दा उठाउँछन् कि शिव गाउँले भनेजस्तै प्रश्न सोध्ने हैसियत गुमाउँछन्, पुस १ गतेदेखि नै परीक्षणकाल शुरु भएको छ।

हरेक दिन समाचार महाशाखामा काम गर्न आउने नयाँ अनुहारहरु भेट हुन्छन् । कैयौँ वर्षको पत्रकारिताको अनुभव सुनाउँछन्। लाग्छ, यस्तो कर्मठिलो सहकर्मीहरु समाचार महाशाखामा जरुरी छ। उनीहरुले भन्न बाँकी केही राख्दैनन्, यसो गरेँ, उसो गरेँ । अनेकानेक अनुभवयुक्त साथीहरुलाई अनुरोध गर्छु, 'गजब छ, ठीक छ, एउटा सादा पानामा आफैँले हस्तलिखित निवेदन लेख्नुस् न है, म किन यो सञ्चारगृहमा काम गर्न चाहन्छु ? धेरै पर्दैन, १५० शब्द भए पुग्छ।' यति भनेर पठाएपछि उनीहरु आउँदैनन्। चोकका फोटोकपी र टाइप गर्ने पसलमा बनाइएका अंग्रेजी 'करिकुलम भाइटा'का भरमा पत्रकार राख्दा धेरैपटक पछुताएको छु । यस्ता गफका भारीहरु बिसाउन अचेल म मैरै अगाडि हस्तलिखित निवेदन माग्ने गर्छु। पछि उनीहरुका नातेदारहरु, ठेकेदारहरु, नेताहरु फोन गरेर मलाई भलिभाँतीसँग सम्झाउँछन्, 'यति सानो काम तपाई आफैँले गरिदिएको भए हुने, निवेदन त तपाईले लेखिदिए हुन्न दुई लाइन ?' 'हो, यही सानो काम पनि सक्दैनन्, कसरी समाचार लेख्छन्, पढ्छन्, ह्रस्व–दीर्घ ध्वस्त छ, भाषामाथि बलात्कार गर्न मलाई थप सहकर्मी चाहिएको छैन, समाचार लेख्ने काम गाह्रो हो भन्ने बुझेरै निवेदन लेख्न अल्छी मानेर तपाईलाई फोन गर्न लगाएको तपाईले चैँ बुझ्नुहोला' भन्न नभ्याउँदै सिफारिसकर्ताको फोन काटिन्छ । यसरी सिफारिसमा पत्रकार हुने र पत्रकार भनेर समाचार नलेख्नेको भिड बनाउन हामीले ५० को दशकयता धेरै ठूलो मेहनत गरेकाले अहिले लेख्ने, बोल्ने पत्रकारको अभाव भयो र सामाजिक सञ्जाल र न्यु मिडियाले हाम्रो पत्रकारिता लगभग विस्थापित गर्ने अवस्थामा पुगेको छ।

हाम्रो प्रेस सल्लाहकारहरुलाई राज्यले 'कअ' भनेर चिन्छ अर्थात् कम्प्युटर अधिकृत–अपरेटर । तिनको काम आफ्नो मुखिया (वडाध्यक्ष, उपमेयर, मेयर, मन्त्री) न्वारान–पास्नीमा गएको फेसबुक लाइभसम्म गर्न सक्छ। कुन कार्यक्रममा जाने, के बोल्ने भन्ने भाषण तयार गर्न सक्दैनन्। जब नेताको पछि झोले बनेर ६–७ महिना हिंडिन्छ, त्यसपछि 'प्रेस सल्लाहकार'को बर्को ओढेपछि अलिअलि सिकेको समाचार लेख्ने कला पनि 'प्यारालाइसिस' भइसकेको हुन्छ । अझ रमाइलो त यस्ता प्रेस सल्लाहकारहरुको काम कार्यालयमा बसेर अरुले आलोचना गरेको समाचार खोज्ने र त्यसका सम्पादक या मालिक खोजेर त्यो समाचार हटाउन निर्देशन दिने हुन्छ। यसरी पत्रकार नै प्रयोग गरेर पत्रकारिता मार्ने काममा अभ्यस्त छन् अहिले पनि केही पत्रकार साथीहरु । जो करारको कम्प्युटर अधिकृतको परिचय पत्र बोकेर प्रेस सल्लाहकार भन्दै बजारमा देखिन्छन्।

अब महासंघमा कस्ता मान्छे आए भनेर चिन्तन नगरौँ। यिनले नेपाली पत्रकारितालाई अब्बल समाचारकर्मी उत्पादनका लागि कारखाना चलाउन सकिन्छ कि भनेर चिन्तन गर्लान् कि नगर्लान् भनेर अहिलेदेखि नै चिन्तन गरौँ । किनभने मिडिया मालिकहरु भनिरहेका छन्, 'टिभी खोलौँ, बोल्ने मान्छे छैन, रेडियो खोलौँ जनशक्ति छैन, पत्रिका खोलौँ लेख्ने मान्छे छैन।' उनीहरुका पनि पीडा छन् । वीरगंजको एउटा नामुद तस्करले आफ्नाविरुद्ध समाचार आउन थालेपछि ११ वटा अनलाइन अर्थात डटकम डोमेन लिएछन् । तर उनले पछि भने, 'डटकमलाई लेख्न पत्रकार कहाँ पाइन्छ दाइ ?' हो बोलिदिने मान्छे छैनन्। हामी पत्रकारहरु फेरि २४ हजार ५ सय रुपैयाँ पनि पर्दैन हजुर, १५ हजार रुपैयाँमै काम गरिदिन्छौँ भन्दा पनि काम पाउँदैनौँ र फेसबुकमा रोइलो हानेर बसेका छौँ। अनि नागरिक पत्रकारिताका नाममा युट्युब, टिकटक लाइभले हाम्रो पत्रकारिता लगभग सघन कक्षमा पुऱ्याएको छ । शिव गाउँले नै पत्रकारका तालिमहरुमा मजाक गर्नुहुन्थ्यो, 'वरिष्ठ पत्रकार भएपछि समाचार कम लेख्न पऱ्यो, जति कम समाचार लेख्यो उत वरिष्ठ पत्रकार भइने भयो ।' त्यसैले अहिले चोकमा वरिष्ठ पत्रकार धेरै र पत्रिका, टिभी, अनलाइन, रेडियोमा 'तानतुन र चोरचार'का समाचारको बाढी छ । अनि कतै उल्लेख नभएको वरिष्ठ पत्रकार धेरै छन्। वकिलले वरिष्ठ हुन जाँच दिनु पर्छ । हवल्दारले वरिष्ठ हुन काम गर्नु पर्छ, पत्रकारले समाचार लेख्न छाडेपछि वरिष्ठ भइन्छ ! यस्तो बेला लेख्ने, प्रश्न गर्न सक्ने पत्रकारको उत्पादन हाम्रो चुनौती हो। अर्कातिर लेखेर पनि बाँच्न सकिन्छ भनेर देशमै दुःख खेपिरहेका अब्बल पत्रकारहरुलाई जोगाउनु पर्ने अवस्था छ।

र, नलुकाइ भनौँ। यसपटक पत्रकारहरुलाई भोट हाल्न पार्टीहरुले उर्दी गरे । होइन, पहिला त फलानालाई टिकट देऊ भनेर पार्टीका मुखियाहरुले नै संगठनका मुखियाहरुलाई निर्देशन गरे । पत्रकारहले नमान्लान् भनेर पार्टीहरुले यसपटक लेटरप्याडमै ह्वीप जारी गरे। यस्तै हुलियामा हाम्रो पत्रकारिता चलिरह्यो भने ३ वर्षपछि भोट पनि संसदमा जस्तै हुन बेर छैन । पार्टीले ह्वीप जारी गरेर हाम्रो यति भोट फलानालाई भन्दै सबै सदस्य गनेर जितहारको खेल भयो भने हाम्रो प्रश्न सोध्ने अधिकार जीवित रहला ? के हामी आफ्नो विवेकको मत प्रयोग गर्न सक्छौँ।

कुनै पार्टीको आस्था राख्नु र चुनावमा पार्टीको झोलेलाई मात्र मतदान गर्ने बाध्यता बनाउनु फरक हो भनेर हामी संघसंगठन चलाउनेहरुले पनि सोच्ने बेला भएको छ। यसपटक नेताहरुको फोन तारन्तार आएपछि यस्तो अनुभूति भयो कि, संगठन बनाउने, चलाउने भन्दा नेताको घर गएर टिकट माग्ने काम सजिलो हो। यसले समय बचत हुन्छ, प्रश्न सोध्ने अधिकार सत्यानाश हुन्छ । बाँकी यहाँहरुको मर्जी, जित्नेलाई बधाई, टिक्नेलाई सहानुभूति । तर पत्रकारिता पार्टीको केन्द्रीय समितिजस्तो होइन, समावेशी समेट्ने । यो दिमागको काम हो। दिमाग चल्नेहरुको पेशा हो । समाचार सामग्रीमा समावेशिता चाहिन्छ, पत्रकारहरु चैँ दिमाग चल्ने नै हुनुपर्छ, जुन समाज, धर्म, वर्ग, सम्प्रदाय, लिंग, पार्टीको आस्था भए पनि।

# मानसिक स्वास्थ्यले ल्याएको जटिलता



नेत्र सुवेदी 'प्रयास'

मानसिक रोग लागेका व्यक्तिले समयमै उपचार पाउनेभन्दा पनि अपहेलनामा पर्ने सम्भावना छ नेपाली समाजमा । यो दुःखको विषय हो। शारीरिक रुपमा कुनै चोटपटक लाग्यो वा बिमारी भयो भने अवस्थाअनुसार अस्पताल लैजाने, मेडिकल जाने, नजिकको स्वास्थ्य संस्थामा पुग्ने र उपचार प्राप्त गर्ने गरिन्छ। कुनैकुनै अवस्थामा ग्रामीण क्षेत्रमा झारफुक गर्ने, लामा झाँक्रीको सहयोग लिने काम पनि हुन्छ । थाहा पाउने छिमेकीहरु पनि सहयोग गर्न तत्पर हुन्छन् । अस्पतालमा भर्ना भएको वा शल्यक्रिया भएको वा केही दिन अस्पताल बस्नुपऱ्यो वा केही औषधिसहित घर फर्केकै अवस्थामा पनि भेट्न आउनेहरुले सहानुभूति व्यक्त गर्दछन्। कतिपयले त बिमार हुँदा खान मिल्ने तागतिलो खानेकुरा समेत लिएर भेट्न आउने क्रम देखिन्छ। तर मानसिक समस्या भएको व्यक्तिलाई पनि यो पनि एक रोग हो उपचार गरेमा सञ्चो हुन्छ भन्ने बुझाई किन हुन नसकेको होला ? विश्व स्वास्थ्य सङ्गठनले दिएको स्वास्थ्यको परिभाषामा मानसिक रुपमा स्वस्थ हुने विषय पनि त परेको छ । मानसिक स्वास्थ्य विग्रदै जाँदा उपचार र चासो प्राप्त नगरेर कति मानिसहरुले ज्यान गुमाएका छन् । कतिले त लामो समयसम्म साँग्लामा बाँधिएर वा कोठामा थुनिएर निकै कठीन जीवन विताएका छन्।

नेपालमा पनि मानसिक तनाव र डिप्रेसनका कारण आफ्नो जीवनको अर्थ नरहेको अनुभूत गरेर आत्महत्या गर्ने क्रम बढेर गएको छ। आधुनिक जीवनशैली र विकसित समाजका विभिन्न उमेरका सदस्यहरुले राखेका असङ्ख्य चाहनाहरु पूरा नहुनेबित्तिकै निराश हुने र आशा जगाउने खालको परिवेश प्राप्त नगर्ने सम्भावना बढ्दै गएको छ । खासगरी बढ्दो उमेरका किशोरकिशोरी र ३० वर्षभित्रका युवाहरुमा धैर्यता कम र मानसिक अस्थिरता बढी देखिन्छ। सो समयमा आमाबाबु तथा घरपरिवारका अन्य सदस्यहरुबाट पाउने सरसल्लाह वा सहयोग तथा उसले लामो समय बिताउने विद्यालय वा कार्यालय वा कारखाना वा अरु कुनै पेशा व्यवसायको वातावरणमा उसको संवेग व्यवस्थापन गर्ने र मानसिक स्वास्थ्यको बारेमा चासो देखाउने केही न केही प्रबन्ध हुनुपर्दछ। तर के हामीकहाँ त्यस्तो खालको वातावरण छ त ? मानसिक स्वास्थ्यको सबालले समाजको र सरकारको ध्यान आकर्षण गर्न सकेको छ त ? यो नै अहिलेको अहम् प्रश्न हो।

खप्तड स्वामीले भन्नु भएको छ कि शुद्ध, स्वस्थ, सुखी मन सुन्दर स्वास्थ्यको प्रथम रहस्य हो। मन नै मनुष्यको सुख दुःखको कारण हो, जसले मनलाई जित्न सक्छ उसले जगतलाई जित्न सक्छ । मनलाई सुखी राख्नका लागि पुराना विकारहरुको निराकरण गर्नुहुँदैन र मनमा नयाँ दोष विल्कुलै आउन दिन हुँदैन । सावधानीपूर्वक जीवनलाई सधैँ नियमित रुपमा संयमित राख्न जरुरी छ। उदारचित्त भएर प्रभुभक्ति र जनसेवाको भावना राखेमा चित्त प्रश्न हुन्छ । प्रसन्नचित्त व्यक्तिको शरीरमा शक्ति, स्फूर्ति, बल, ओज र स्वस्थता हुन्छ । चिन्ता गरेमा शरीर कमजोर बन्दछ । यसबाहेक मन, बचन र कर्ममा एकता हुनु र मोह त्याग गर्नु पनि मानसिक स्वास्थ्यका लागि आवश्यक छ। संयम क्षमता बढाउनका लागि ब्रत वस्नु पनि उपयोगी हुन्छ । यसबाहेक पनि मानसिक स्वास्थ्य कायम राख्ने अरु विधिहरु पनि अपनाउन सकिन्छ।

**संस्थागत तथा सामूहिक तहमा मानसिक स्वास्थ्यका उपायहरु**

समाजमा मानसिक असन्तुलन बढिरहेको, जटिल जीवनशैलीका वीचमा चिन्ता र नैराश्यता बढ्दै जाँदा मानिसले जुनसुकै माध्यमबाट पनि प्राण त्याग्ने जोखिम हुने हुँदा संभावित आत्महत्याको न्युनिकरणका लागि समेत मानसिक स्वास्थ्य बढाउने खालका गतिविधिहरु अभियानकै रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ । हाम्रो स्वास्थ्य प्रणालीमा शारीरिक खालका रोगहरुको उपचारमा ध्यान र जोड देखिएको छ तर मानसिक प्रकृतिका रोगहरुका सम्वन्धमा सर्वसाधरणले बुझ्ने र जान्ने मौका पाएका छैनन् र उपचारको उपलव्धता पनि कमै छ । तसर्थ मानसिक रोगको उपचारलाई सबैको पहुँचमा पुऱ्याउन आवश्यक छ। हाल रहेका अस्पतालहरुमा पनि मनोचिकित्सकको व्यवस्था गरेर मानसिक रोगको उपचारको प्रवन्ध गर्न सकिन्छ।

मानसिक रोग र मानसिक रोगीलाई परिवार तह र समुदायको तहमै स्वीकार नगर्ने चलन तथा मान्यता रहिआएको छ । यो सरासर गलत विषय हो । तसर्थ मानसिक रोग भनेको अरु रोग जस्तै र त्यो भन्दा सरल समेत हुन सक्छ र उपचारपछि पूर्ण रुपमा निको हुन्छ भन्ने जागरण ल्याउनु जरुरी छ। मानसिक रोग लागेको अनुमान हुनासाथ निज व्यक्तिलाई मनोचिकित्सक, मनोविद, मनोसामाजिक परामर्शदातासँग सहयोग लिने खालको संस्थागत व्यवस्था तीन तहकै सरकारले प्राथमिकतापूर्वक गर्नुपर्ने देखिन्छ । यसरी हेर्दा कमसेकम एउटा जिल्लामा सरकारी तवरबाटै एकजना मनोचिकित्सक उपलव्ध हुनेगरी प्रवन्ध गरिनुपर्दछ । जटिल मानसिक रोग लागेमा मानसिक रोगको विशेषज्ञ अस्पतालमा रिफर गर्ने प्रबन्ध हुनुपर्दछ। यसखाले विशेषज्ञ अस्पताल सबै प्रदेश तहमा हुनु उपयुक्त हुन्छ । शुरुशुरुमा मानसिक रोगको उपचार सम्भव छ भन्ने विश्वास जागृत गर्नकै लागि पनि मानसिक रोगीलाई अस्पताल लगेर उपचार गरी सञ्चो गराउने प्रबन्ध सम्बन्धित स्थानीय तहले जिम्मा लिनु उपयुक्त हुन्छ।

समुदायमा जागरण ल्याउने मार्गमा शिक्षक, विद्यार्थी र स्वास्थ्यकर्मीको पनि विशेष भूमिका हुने गर्दछ । खासगरी स्वास्थ्यकर्मीहरुलाई मानसिक रोगको कारण र समाधानका उपाय सम्वन्धमा प्रशिक्षित गर्नुपर्दछ । प्रतिस्पर्धा मात्र भन्दा पनि सन्तुलित रहने र मानवीयता प्रवद्र्धन एवं संस्कारसहितको शिक्षाको प्रवन्ध विद्यालयमा उपलब्ध हुनुपर्दछ। सबै शिक्षकहरुलाई आधारभूत अभिमुखीकरण गर्नुको साथै मानसिक स्वास्थ्यको विषय हेर्न एकजनालाई शिक्षकलाई फोकल पर्सन तोकिनु उपयुक्त हुन्छ। एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वियनमा रहेको विद्यालयमा ती नर्सहरुलाई पनि मानसिक स्वास्थ्यका लागि समेत प्रयोग गर्न सकिन्छ।

स्थानीय अगुवाहरू, धार्मिक संस्था र समाजसेवीहरूको अग्रसरतामा मानसिक समस्याका विज्ञहरु तथा परामर्शकर्ता समेत संलग्न गरी समुदायमा आत्महत्या रोकथामसम्बन्धी सचेतना कार्यक्रमहरू, शिविरहरु सञ्चालन गर्नु आवश्यक छ, ताकी समाजमा मानसिक स्वास्थ्य समस्या र आत्महत्याबारे खुलारूपमा छलफल गर्न सकियोस्, समस्या पहिचान गरी समाधानको पहल पनि समयमै गर्न सकियोस्।

**व्यक्तिगत तहमा मानसिक स्वास्थ्य कायम गर्ने तरिकाहरु**

पूर्वीय सभ्यताका मूल आधारका रुपमा रहेका धर्मशास्त्रहरुमा वर्णित वा आध्यात्मिक साधक र गुरुहरुले भन्ने गरेका र खासगरी मानसिक स्वास्थ्य तथा स्वयम् व्यवस्थापनसम्बन्धी पुस्तकका लेखकहरुले अगाडि सारेका आधारभूत विषयहरुका आधारमा सारांश रुपमा भन्नुपर्दा देहायका १२ वटा विधि वा तरिका वा जीवनशैलीबाट मानसिक रुपमा सन्तुलित र स्वस्थ रहन सकिन्छः

ब्रम्हमुहुर्तमा नै दिनको सुरुआत गर्नु धेरै किसिमले उपयुक्त छ। बिहान ५ बजे वा सो भन्दा अगावै उठ्नु र दिन शुभारम्भ गर्नु भनेको जीवनलाई सार्थक बनाउने महत्वपूर्ण आधार हो । यसो हुन सक्यो भने आफ्नो काम व्यवस्थित हुने र अरुलाई सहयोग गर्नका लागि समेत समय निस्कने हुन्छ।

बिहानी समयमा शारीरिक अभ्यासका साथै योग, ध्यानसहितको साधना गर्नु श्रेयस्कर हुन्छ। आजकल त अनलाइन माध्यमबाट पनि साधना संभव छ। समय मिल्दा १० दिन अवधिको विपश्यना ध्यानमा सहभागी हुन सकियो भने आफ्नो क्षमता र विकारहरुको सुक्ष्म समीक्षा गर्ने अवसर प्राप्त हुन्छ।

समय मिल्नासाथ केही न केही काम प्रकृतिको सानिध्यमा गर्नु राम्रो हुन्छ । खेतीपातीलगायतका घरायसी काम, करेसावारीसँग सम्बन्धित काम भए झनै राम्रो हैन भने पनि आफू बसोबास गरेको स्थान वरपर उपलव्ध प्राकृतिक स्थलहरु पुग्ने, छतमा बसेर आकाश नियाल्ने, ताल, पोखरी, खोला नजिक पुगेर केही समय बिताउँदा आफु रिचार्ज भएको प्रतित हुन्छ।

उपभोग्य बस्तु र चिजहरु अर्थात नभई नहुने र कम मात्र प्रयोग गर्ने गर्दा जीवन सरल बनेर जान्छ। यो अवधारणालाई कम प्रयोगवाद वा मिनिमालिज्म पनि भनिन्छ । आफूले सकेको सहयोग त आश्रमहरु र अनाथहरुलाई सहयोग गरेर पनि गर्न सकिन्छ।

हाम्रो विचार चल्ने दिमाखमा दुईवटा शाखा छन् । एउटा ज्ञानेन्द्रीयसँग सम्बन्धित चेतन र अर्को कहिल्यै नरोकिने तर बाहिर निष्क्रिय देखिने अवचेतन दिमाग। अवचेतन मनलाई जागृत राख्ने र प्रयोग गर्ने कला सम्बन्धमा सुसूचित भई राति निदाउने बेला र बिहान उठ्ने बखत आफूले गर्न खोजेका सकारात्मक प्रतिज्ञाका विषयहरु चिन्तनमनन गरियो भने अवचेतन मनले ती विषयहरु प्राप्तिमा हरतरहले सहयोग गर्ने मनोवज्ञानिकहरुले बताएका छन् । अवचेतन मनमा चमत्कारिक क्षमता रहेको र प्रयोग गर्न जान्नुपर्ने विचार प्रसिद्ध मनोवैज्ञानिक एवं लेखक जोसेफ मर्फिले राखेका छन्।

आफ्नो रुचिका अध्ययन, सङ्गीत, नाचगानलगायतका विषयमा समय दिनुपर्छ।

नियमित रुपमा पढ्ने तथा पढेको तथा थाहा पाएको कुरा डायरीमा टिपोट गर्ने बानी बसाल्नुपर्छ।

नयाँनयाँ स्थानको भ्रमण गर्ने र ती स्थानका विविध राम्रा पक्षको सम्बन्धमा डायरीमा लेखी राख्नु राम्रो हुन्छ।

मनमिल्ने साथीसँग समय बिताउने, पारिवारिक हिसाबले पनि छलफल गर्ने र आफूमा आएको संवेग तथा मानसिक उतारचढाव सम्बन्धमा भरपर्दो व्यक्तिसँग सेयरिङ गर्नु राम्रो हुन्छ।

दैनिक रुपमा गरिने सानातिना घरायसी कामका साथै आफू संलग्न भएको काम वा पेशा व्यवसायलाई पूरै मन दिएर काम गर्नु नै सफल हुने र खुशी हुने उचित मार्ग हो । खानपानमा सुधार नगरिकन स्वास्थ्य राम्रो हुँदैन। शारिरीक स्वास्थ्य तथा मानसिक स्वास्थ्य आपसमा अन्तरसम्वन्धित छन् र दुवैका लागि उचित खानपान आवश्यक छ।

समयसमयमा मौन रहने कलाको विकास र अरुको कुरा सुनेर मात्र प्रतिकृया दिने बानी भयो भने मानसिक अस्थिरता र बेचैनी हुने संभावना घटेर जान्छ।

अरुबाट प्राप्त भएको सहयोगका लागि कृतज्ञ हुनुपर्दछ। समय वा सहयोग प्राप्त गर्नु नै अवसरको विषय भएकोले अरुप्रति अहोभाव प्रकट गर्नु आवश्यक हुन्छ। यसबाट थप साथ सहयोग र ऊर्जा प्राप्त हुने पनि सम्भावना बढेर जान्छ।

एउटा व्यक्तिले जीवनमा पूर्णता पाउनका लागि मानवीयता र सामाजिक सद्भाव आवश्यक पर्दछ । यसका लागि घरपरिवार र विद्यालयमा समेत यस्तो खालको गुण विकासका लागि सबैजना जागरुक हुनुपर्दछ।

सबैभन्दा महत्वपूर्ण कुरा त के हो भने हरेक व्यक्तिले आफ्नो मन र विचारलाई आफ्नो नियन्त्रणमा राख्न सक्नुपर्दछ । जुनसुकै घटनाक्रम जीवनभित्रको एक अनित्य पाटोको रुपमा देखापर्ने र दुःख वा सुख दुवैखाले क्षणहरु सधैँका लागि रहँदैनन् भन्ने भाव राख्नु आवश्यक छ।

अन्त्यमा जीवन जिउने क्रममा बेलाबखत तनाव हुनु अनि नैराश्यता आउनु अस्वाभाविक होइन । तर कुनै संवेग हावी हुनासाथ बिचलित हुनु भने समस्या हो। सकारात्मक भावका साथ अरुको सहयोग समेत लिएर काम गर्दै गयो भने तनाव व्यवस्थापन हुन्छ। सेवा भाव र आध्यात्मिक साधनाले पनि मनलाई अस्थिर हुन दिंदैन र अन्तर्हृदयको सन्देश पालना गरी काम गरेमा सबैको भलो हुने अवस्था आउँछ। सन्तुलित जीवन जिउने र अरुको समस्याप्रति समानुभूति राखी समाधानको पहल गर्नु नै मानसिक समस्या कम गर्ने सही बाटो हुन सक्छ। मानव स्वास्थ्यको महत्वपूर्ण आयामका रुपमा मानसिक स्वास्थ्यलाई लिइनु र सोहीअनुसारका अभियानरुपी कार्यक्रमहरु सबै सरोकारवालाको सहभागितामा सञ्चालन गर्न भने ढिलाई गर्नु हुँदैन। रासस

# देशलाई सुकृतितर्फ लान अहिलेको सरकार बनेको होः प्रधानमन्त्री

**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक अस्थिरता अन्त्य गर्दै देशलाई विकृतिबाट सुकृतितर्फ लानका लागि वर्तमान संयुक्त सरकार बनेको दाबी गरेका छन् ।

ज्यापु संस्कृति विकास कोषद्वारा आइतबार वसन्तपुरमा आयोजित २१ औँ राष्ट्रिय ज्यापु दिवसको समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा भएको राजनीतिक परिवर्तनलाई धरापमा पार्ने र परिवर्तनमा योगदान गरेका दललाई अनावश्यक भ्रम फैलाएर बद्नाम गर्ने कोशिश भएकाले ठूई ठुला दलको सहकार्यमा सरकार बनेको बताएका हुन् । यो सरकार केवल सरकार बनाउनका लागि नभई मुलुकका समृद्धि र स्थिरताको यात्रालाई अगाडि बढाउन गठन भएको उनको दाबी थियो ।



‘गुठीको संरक्षण गर्न कानून बनाउनुपर्छ भन्दा मविरुद्ध भ्रम फैलाइएर विरोध गरियो । प्रहार गरियो । भ्रष्टाचारमा उजुरी परेका माथि २० औँ वर्षसम्म होइन सकेसम्म छिटो र बढीमा पाँच वर्षभित्र छिनोफानो हुनुपर्छ भन्दा भ्रष्टाचार गरेकालाई बचाउन खोज्यो भनेर गलत प्रचार गरियो । यस्ता हल्लाहरु नेपालमा भाँडभैलो मच्याउने प्रयासका उपज हुन्, प्रधानमन्त्री ओलीले भने,‘नेपाल भाँड्नका लागि र हाम्रो एकता भत्काउनका लागि कतिपयले हल्ला गर्ने गरेका छन् तर हामी साम्प्रदायिक विद्षका पछाडि होइन,सामाजिक सद्भावमार्फत राष्ट्रिय एकता ल्याउन चाहान्छौं ।

यो जातलाई खेद, अर्को जातलाई खेद भन्दैनौं । बैँकको ऋण नतिर भन्दैनौं । नयाँ नेपाल निर्माणको महान अभियानमा हामी छौं । नेपाललाई गरिबीबाट समृद्धि र सुखी बनाएरै छाड्नेछौं ।’

प्रधानमन्त्री ओलीले अहिले आफूहरुले जे दःख भोगेका छौं त्यस्ता दुखः हाम्रा छोरानातिहरुले दुःख भोग्नु नपरोस् भनेर सरकारले गम्भीरताका साथ काम गरिरहेको जनाउँदै सबै जाति, भाषी, आस्था र विश्वासका मानिस एकजुट भएर समाजलाई सभ्य र एकताबद्ध बनाउन आवश्यक रहेको बताए । सामाजिक सञ्जालमा सुन्न र हेर्न नसकिने भाषा होइन, सभ्य र सुसंस्कृत हुँदै आत्मीयता र भातृत्वका साथ नेपाल र नेपालीको एकता बचाउन पनि आग्रह गरे ।

**‘नेवारी संस्कृतिले विश्वमा पहिचान दिएको छ’**

नेपालका सबै संस्कृतिभन्दा नेवारी संस्कृति इतिहास, निरन्तरता र मौलिक संस्कृति भएको संस्कृति भएको उल्लेख गर्दै उनले ज्यापु संस्कृतिलाई अगाडि बढाउन सफलता मिलोस् भनी कामना गरे ।

राज्यकोषमा धेरै रकम नभए पनि ज्यापु दिवस मनाउन नेपाल सरकार, मन्त्रिपरिषद्बाट १० लाख सहयोगको निर्णय गरेको जानकारी दिँदै प्रधानमन्त्री ओलीले ज्यापु गुठीका लागि अक्षयकोषमा सक्दो रकमवृद्धि गर्ने विश्वास दिलाए । उनले नेवारी संस्कृति र परम्परताले विश्वमा बेग्लै पहिचान दिएर राष्ट्रिय गौरव बढाउन योगदान दिएको बताए । आफ्नो मर्यादित संस्कृति र परम्परालाई निरन्तरता दिएकामा धन्यवाद दिँदै धार्मिक र सांस्कृतिक सम्पदालाई प्रोत्साहन गर्न सरकार तत्पर रहेको बताए ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले विभिन्न पुरस्कार तथा सम्मान वितरणका साथै वार्षिक जात्रासम्बन्धी डिजिटल सामग्री र पुस्तक विमोचन गरे । कार्यक्रममा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरी, काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोललगायत उपस्थित थिए ।
रासस

# ‘कानूनी शासन स्थापित गर्नु कांग्रेसको पहिलो प्राथमिकता’



**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपाली कांग्रेसले विधिको शासन स्थापन गर्ने अभियानमा लागेको बताएका छन् ।

आइतबार काठमाडौँ महानगरपालिका–३१ नयाँ बानेश्वरमा नेपाली कांग्रेसको एक सय दिने अभियानअन्तर्गत आयोजित कार्यक्रममा उपप्रधानमन्त्री सिंहले विधिअनुसार सरकार सञ्चालन हुने भन्दै कानुनी शासन स्थापित गर्नु कांग्रेसको पहिलो प्राथमिकतामा रहेको उल्लेख गरे ।

उनले भने, ‘नेपाली कांग्रेस विधिको शासन स्थापन गर्न सदैव सक्रिय भएकाने लागेको पार्टी हो । विधि विपरीतको काम हामीले कल्पना पनि गर्दैनौँ ।’

उपप्रधानमन्त्री सिंहले सम्पूर्ण काम कानुनी प्रक्रिया र विधि अनुसार हुने सन्दर्भलाई कार्यकर्ताले राम्रोसँग बुझेर पार्टीलाई बलियो बनाउनतर्फ ध्यान दिनुपर्नेमा जोड दिए ।

कांग्रेस पूर्वमहामन्त्रीसमेत रहेका उपप्रधानमन्त्री सिंहले पार्टीका संरचनाले आ–आफ्नो तहमा जिम्मेवार भएर काम गर्नुको विकल्प नरहेको बताए । ‘सङ्गठनलाई कमजोर बनाउनु हुँदैन ।

जनप्रतिनिधिले पनि नागरिकमैत्री कार्यसम्पादन गर्नु जरुरी छ । बोल्ने भन्दा पनि काम गरेर नतिजा देखाउने गरी सबै अघि बढ्नु आजको आवश्यकता हो’, उनले भने ।

उपप्रधानमन्त्री सिंहले आफू हरेक बिहीबार बिहान नियमित रूपमा बानेश्वरस्थित सम्पर्क कार्यालयमा आउने बताउँदै यस क्षेत्रका केही समस्या भए निर्धक्कसँग राख्न स्थानीयसँग आग्रह गरे । रासस

# मौलिक संस्कृतिले राष्ट्रिय एकतालाई सुदृढ बनाउँछः नेपाल

**काठमाडौँ ।**
नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा विभिन्न जातजाति, समुदायका मौलिक संस्कृति एवं परम्पराले एकापसमा सामाजिक सद्भाव अभिवृद्धि गरी राष्ट्रिय एकतालाई बलियो बनाउने बताएका छन् ।

धान्य पूर्णिमा, उँधौली पर्व, यमरीपुन्ही एवं ज्यापु दिवसका अवसरमा आज जारी गरेको शुभकामना सन्देशमा अध्यक्ष नेपालले मौलिक विशेषता भएका फरक सांस्कृतिक पर्वले नेपाली समाजलाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउन मद्दत पुग्ने बताए ।

बहुभाषिक एवं बहुसांस्कृतिक हाम्रो मुलुकमा विविध जातजातिका भाषा, साहित्य, कला र रहनसहनले समग्र राष्ट्रलाई सुसंस्कृत बनाउन मद्दत पुग्ने बताउँदै सन्देशमा पूर्वप्रधानमन्त्री नेपालले सम्बन्धित समुदायले पनि आफ्ना मौलिक चाडपर्व र संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिए । उनले सामाजिक एकता, पारस्परिक सम्मान अभिवृद्धि गरी आर्थिक विकासको मार्गमा अग्रसर हुन चाडपर्व सहयोगी हुने विचार पनि व्यक्त गरे ।
रासस

# शिक्षामा समयानुकूल परिमार्जन आवश्यक छः मुख्यमन्त्री शाह



**कैलाली ।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले शिक्षामा समयानुकूल परिमार्जन आवश्यक रहेको बताएका छन् ।

कैलालीको टीकापुरस्थिति वीरेन्द्र विद्यामन्दिर सार्वजनिक शैक्षिक गुठीको स्वर्णस्तम्भ शिलान्यास कार्यक्रममा उनले बदलिँदो समयानुसा शैक्षिक रूपान्तरण जरूरी रहेको बताएका छन् ।

‘समयसँगै हरेक गतिविधि परिमार्जन हुनुपर्छ । शिक्षामा पनि त्यही हो । हिजो टीकापुरलाई शैक्षिक नगरीका रूपमा चिनाउने वीरेन्द्र विद्यामन्दिरलाई पनि त्यसैगरी परिवर्तन गर्न आवश्यक छ’, मुख्यमन्त्री शाहले भने ।

उनले शैक्षिक क्षेत्रको विकासमा भूमिका खेलेका स्वर्गीय खड्गबहादुर सिंहलाई बिर्सन नमिल्ने भन्दै राम्रा कामहरूबाट आफ्नो क्षेत्रलाई राष्ट्रिय तथा अन्तरास्ट्रिय रूपमा चिनाउन प्रयत्न गरिरहनुपर्ने धारणा राखे ।

मुख्यमन्त्री शाहले टीकापुर प्राविधिक विश्वविद्यालय स्थापनाका लागि प्रदेश सरकारले काम अगाडि बढाएको जानकारीसमेत दिए । ‘प्राविधिक विश्वविद्यालय स्थापनाको लागि सबैको सहयोग चाहिएको छ । सबैसँगै अगाडि नबढ्ने हो भने गन्तव्यमा पुग्न सकिदैन’, उनले भने ।

मुख्यमन्त्री शाहले वीरेन्द्र विद्यामन्दिरले उत्पादन गरेको जनशक्तिलाई विद्यालयको विकासका लागि सहयोग गर्नुपर्नेमा जोड दिए । ‘विद्यालयको स्वर्णजयन्तीका लागि मेरो एक महिनाको पारिश्रमिक विद्यालयलाई दिने घोषणा गर्दछु ।

अन्य क्षेत्रमा आबद्धहरूले पनि यसैगरी सकेको सहयोग गरे आर्थिक अभाव हुँदैन’, उनले भने, “हरेक कामका लागि राज्यको मुख ताक्नुपर्ने स्थिति बनाइनु हुँदैन तर पनि सरकार हरेक काममा सहयोग र समन्वय गर्न तयार छ ।’

वीरेन्द्र विद्यामन्दिर सार्वजनिक शैक्षिक गुठीले आफ्नो स्थापनाको ५० औँ वर्षका अवसरमा आगामी फागुन ९ देखि ११ गतेसम्म स्वर्ण महोत्सव आयोजना गर्दै छ । रासस

# संविधान संशोधन सबै दलको सहमतिमा हुन्छः गृहमन्त्री



**चितवन ।**
गृहमन्त्री रमेश लेखकले संविधान संशोधन सबै दलहरूको सहमतिमा हुने बताएका छन् ।

नेपाल प्रेस युनियन चितवनले आइतबार चितवनमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले संविधान संशोधन सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था र समावेशीतालाई बलियो बनाउनका लागि गर्न लागिएको बताए । उनले भने– ‘संविधान संशोधनको विषयमा प्रारम्भिक छलफल सुरू भएको छ । संशोधन दुईवटा दलले मात्रै गर्ने होइन ।’

संविधानको अभ्यासको विषयमा समीक्षा, संविधानको अभ्यास गर्ने क्रममा देखिएका सबल पक्ष र दुर्वल पक्षलाई हेरेर सबै राजनीतिक पक्षसँग वार्ता छलफल गरेर सबैको सहमतिका साथ संविधान संशोधन गर्ने उनले बताए ।

उनले थपे, ‘संविधान संशोधनका लागि कसै न कसैले त पहल गर्नु पर्‍यो । प्रारम्भिक छलफल भएको छ । सबै दललाई समेटेर संविधान संशोधन गर्छौं ।’

सरकारको स्थायित्वनै कमजोर भएको अवस्थामा स्थिर सरकार गठन, भ्रष्टाचार नियन्त्रण, सुशासन, आर्थिक गतिविधिलाई अघि बढाउने, मुलुकको अर्थतन्त्र लयमा ल्याउन, विकास निर्माणलाई गति दिन नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर सरकार बनेको मन्त्री लेखकले बताए ।

यो सरकार परिवर्तन हुने कुनै सम्भावना नभएको भन्दै उनले भने–‘कांग्रेस र एमालेबीचमा सहमति भएको छ, २०८४ सालसम्म त्यही सहमतिअनुसार हामी अघि बढ्छौँ ।’

दुई दलबिचमा कुनै समस्या नरहेको उनको भनाइ छ । सरकार परिवर्तन हुने भन्ने हल्ला हल्ला मात्रै भएको उनले स्पष्ट पारे ।

राष्ट्रिय आवश्यकता र महत्त्वका मुद्दा सम्बोधन गर्न संसद्का ठूला दल मिलेको उनले बताए । फरक प्रसङ्गमा बोल्दै उनले अहिलेको सरकार सबै जनताको मानव अधिकार रक्षाका लागि सचेत रहेको बताए । मन्त्री लेखकले भने–‘प्रत्येक नागरिकको मानव अधिकारको रक्षाप्रति सरकार सचेत छ । चाहे थुनामा रहेको होस्, चाहे हिरासतमा रहेको होस् । सबै नागरिकप्रति मानव अधिकारका विषयमा हामी सचेत छौँ ।’

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने प्रति सरकारको कुनै प्रतिशोध नरहेको बताउँदै उनले संसदीय छानबिन समितिले गरेको निर्णय कार्यान्वयनका सरकारले गरेको बताए । कानुनी रूपमा अनुसन्धान सुरू गरिएको बताउँदै उनले कानुन अनुसार भइरहेको अनुसन्धानमा प्रश्न उठाउनु अनुसन्धानलाई प्रभावित गर्नु हो, त्यस्तो हुनु हुँदैन भने ।

सहकारीको रकम अपचलन गर्ने सबैमाथि अनुसन्धान हुने बताउँदै उनले व्यक्ति विशेषलाई अनुसन्धान गर्ने र कसैलाई छुट दिने कुरा नहुने बताए । अपराध गर्ने मानिस सबैमाथि अनुसन्धान हुने उनको भनाइ थियो । रासस

# सामाजिक एकता बलियो बनोस्ः सभामुख

**काठमाडौं ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरले उधौली, यःमरी पुन्ही तथा धान्यपूर्णियामा पर्व २०८१ को पावन अवसरमा समाजका सबै पक्षलाई एकत्रित गर्दै सामाजिक एकतालाई बलियो बनाउन, साझा उद्देश्य र धार्मिक भावनाको प्रवर्द्धन गर्न सकोस् भन्ने शुभकामना व्यक्त गरेका छन् ।

सभामुख घिमिरेले आइतबार जारी गरेको शुभकामना सन्देशमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दै यी पर्वले आपसी मेलमिलाप, भ्रातृत्व र सहिष्णुता विकास गर्न सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना व्यक्त गरेका छन् ।

‘उधौली पर्वले मानिस र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई बलियो बनाउँदै प्रकृतिप्रति धन्यवाद व्यक्त गर्दछ’, शुभकामना सन्देशमा भनिएको छ,‘उधौली पर्वले चिसो मौसमको सुरूआत र न्यानो ठाउँतर्फ गन्तव्य बनाउने परम्परालाई जनाउने भएकाले कृषि चक्रको समापन र नयाँ चक्रको तयारीको सङ्केतका रूपमा बुझ्न सकिन्छ ।’

नेवाः समुदायमा हरेक वर्ष मङ्सिर शुक्ल पूर्णिमाको दिनमा मनाइने ‘यःमरी पुन्ही’ विशेष सांस्कृतिक पर्व भएको र धनधान्यले भरिपूर्ण हुने जनविश्वासले नेवार समुदायमा यःमरी पुन्ही धुमधाम साथ बनाउने प्रचलन रहेको सन्देशमा छ ।

सन्देशमा भनिएको छ, ‘यःमरी पर्वले समुदायबीचको आत्मीयता, परिवारमा समर्पण र धार्मिक आस्थालाई बलियो बनाउने विश्वास लिएको छ ।’

नेपाल विविधायुक्त बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश भएको र संविधानको मर्मअनुसार नेपालमा विभिन्न जातजातिको भाषा, संस्कृतिको संरक्षण विकास र उन्नयनमा काम हुँदै आएकोबारे सबै जानकार भएको सन्देशमा छ ।

मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन किरात समुदायले अन्नबाली पाकेपछि इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनलाई उधौली पर्वका रूपमा मनाउँछन् ।

उधौलीको अवसरमा किरात समुदायका याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उधौली सकेला र लिम्बूहरूले चासोक तङनाम मनाउँछन् । किरातभित्रका जातजातिले उधौलीपर्वलाई फरकफरक नाम दिए पनि समग्रमा उधौलीका नामले चिनिने गरिन्छ । रासस

# ग्ल्याम नेपाल इन्टरनेसनल चौथो ‘सिजन’को ‘फेसन शो’




**काठमाडौँ ।**
प्रारम्भ फाउण्डेसनले आयोजना गरेको ग्ल्याम नेपाल इन्टरनेसनल चौथो ‘सिजन’को ‘फेसन शो’ सम्पन्न भएको छ । काठमाडौँमा आयोजित एक समारोहबीच नेपाली चलचित्र क्षेत्रका प्रतिष्ठित कलाकारहरूको सहभागितामा शो सम्पन्न भएको हो ।
विभिन्न १० वटा ‘सिक्वेन्स’मा सम्पन्न फेसन शोमा आठजना डिजाइनरले तयार पारेका पोसाकमा ३७ जना कलाकारले प्रस्तुति दिएका थिए ।
प्रारम्भ प्रडक्सनका प्रमुख पवन आचार्यले नेपालमा फेसन शोको वृद्धि विकास र कलाकारको प्रस्तुतिलाई प्रस्तुत गरी हौसला प्रदान गर्न यस्तो कार्यक्रम आयोजना गरिएको बताए । उनले भने, ‘नेपाली कलाकारिता क्षेत्रमा यस्तो खाले फेसन शोले आगामी दिनमा यस क्षेत्रलाई अगाडि बढाउन मद्दत पुग्ने अपेक्षा गरेका छौँ । चौथो सिजनसम्म आइपुग्दा राम्रो प्रतिक्रिया पाइरहेका छौँ ।’
फेसन शोमा नेपाली चलचित्र क्षेत्रका अभिनेता तथा अभिनेत्रीहरूले समेत आफ्नो प्रस्तुति दिएका थिए । अभिनेत्री आँचल शर्मा, साम्राज्य राज्यलक्ष्मी शाह, मिरुना मगर, आन्ना शर्मा, मिस युनिभर्स नेपाल–२०२२ की विजेता सोफिया भुजेल, अभिनेता प्रदीप खड्का, ‘ट्यापर’ साकारलगायत कलाकारले प्रस्तुति दिनुभएको थियो । रासस

# रोल्लर स्केट प्रतियोगिताः पुरुषतर्फ राजन र महिलातर्फ निर्जला प्रथम

**काठमाडौं ।**
नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघले आयोजना गरेको तेस्रो राष्ट्रिय फ्री–स्टाइल रोल्लर स्केट प्रतियोगिता–२०८१ का विजेताहरूलाई पुरस्कार वितरण गरिएको छ ।
काठमाडौँको गल्फुटार स्केटपार्कमा दुई दिनसम्म चलेको प्रतियोगितामा प्रथम, द्वितीय तथा तृतीय हुने खेलाडीलाई पुरस्कार प्रदान गरिएको हो ।




पुरुषतर्फ राजन मक्राती प्रथम भएका छन् । यस्तै, सोहन गुरुङ द्वितीय र रोहन कुँवर तृतीय भएको आयोजक सङ्घका अध्यक्ष अच्युत खनालले जानकारी गराए ।
उनीहरुले क्रमशः १५ हजार, १० हजार र पाँच हजार रुपैयाँ नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको अध्यक्ष खनालले बताए ।
यस्तै, महिलातर्फ निर्जला श्रेष्ठ प्रथम, सन्ध्या मगर द्वितीय र निमिशा तामाङ तृतीय भएकी छन् ।
उनीहरुले क्रमशः रु १५ हजार, रु १० हजार र रु पाँच हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको महासचिव सत्य थापाले जानकारी दिए ।
प्रतियोगिताको पहिलो दिन शनिबार दुई सय ५० पुरुष र एक सय ५० महिला खेलाडीको सहभागितामा छनोट चरणका खेलहरू भएका थिए ।
राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले आइतबार प्रतियोगिताको उद्घाटन गरेका थिए ।
नेपाल स्केटिङ तथा स्केट बोर्डिङ सङ्घले वार्षिक रूपमा राष्ट्रिय फ्री–स्टाइल रोल्लर स्केट प्रतियोगिता आयोजना गर्दै आएको छ । प्रतियोगिताका विजेतालाई दक्षिण कोरियामा आगामी जुन महिनामा आयोजना हुने एसियन रोल्लर डारबी प्रतियोगितामा सहभागी गराइने आयोजकले जनाएको छ । रासस

# आयरल्यान्डमा दूतावास बन्द गर्ने इजरायलको भना

**जेरुसेलम ।**
इजरायलको विदेश मन्त्रालयले आइतबार डब्लिन सरकारको ‘चरम इजरायल विरोधी नीतिहरू’ लाई उद्धृत गर्दै आयरल्यान्डमा आफ्नो दूतावास बन्द गर्ने घोषणा गरेको छ ।
यसले दुई मुलुकबीचको तनावपूर्ण सम्बन्धलाई थप तनावपूर्ण बनाएको छ ।
प्यालेस्टिनी राज्यलाई मान्यता दिने र गाजा पट्टीमा इजरायललाई ‘नरसंहार’ को आरोप लगाउने अन्तर्राष्ट्रिय अदालतको मुद्दालाई समर्थन गर्ने आयरल्यान्डको श्रृङ्खलाबद्ध कदमपछि आयरल्यान्ड र इजरायलबीचको कूटनीतिक सम्बन्ध बिग्रिएको छ ।
सन् २०२३ अक्टोबर ७ मा गाजामा युद्ध भड्काउने हमासको आक्रमणप्रति इजरायलको प्रतिक्रियाको सबैभन्दा कडा आलोचकमध्ये आयरल्यान्ड पनि एक रहेको छ ।
‘डब्लिनमा रहेको इजरायली दूतावास बन्द गर्ने निर्णय आयरल्यान्ड सरकारको चरम इजरायल विरोधी नीतिहरूका कारण गरिएको हो’, विदेश मन्त्रालयले विज्ञप्तिमा भन्यो ।
‘इजरायलविरुद्ध आयरल्यान्डले प्रयोग गरेका कार्य र यहुदी राज्यको वैधता र प्रतिष्ठामा आघात पुर्याउने शब्दावलीहरू दोहोरो मापदण्डमा आधारित छन्’, विदेशमन्त्री गिदोन सारले विज्ञप्तिमा भने, ‘आयरल्यान्डले इजरायलसँगको सम्बन्धमा हरेक लक्ष्मण रेखा पार गरेको छ ।’
नोभेम्बरमा आयरल्यान्डका प्रधानमन्त्री साइमन ह्यारिसले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) ले गिरफ्तारी वारेन्ट जारी गरेपछि उनका इजरायली समकक्षी बेन्जामिन नेतान्याहु आयरल्यान्ड गएमा देशका अधिकारीहरूले हिरासतमा लिने बताएका थिए ।
आइसिसीले नेतान्याहु र उनका पूर्व रक्षामन्त्री योव गालान्टलाई अक्टोबर सन् २०२३ अक्टोबर ८ देखि यस वर्षको मे २० सम्म गाजा पट्टीमा ‘मानवता विरुद्धको अपराध र युद्ध अपराधका लागि’ पक्राउ पुर्जी जारी गरेको थियो ।
विदेशमन्त्री सारले इजरायलले अन्य देशसँग सम्बन्ध निर्माण गर्न आफ्ना स्रोतहरू लगानी गर्ने बताउनुभयो र आइतबार मोल्दोभामा दूतावास खोल्ने घोषणा गरे । ‘कूटनीतिक क्षेत्रमा इजरायलप्रतिको विभिन्न देशको स्थिति र कार्यहरूलाई अन्य कारकहरूसहित उचित महत्त्व दिँदै हामी इजरायलको कूटनीतिक सञ्चालका मिसनहरू समायोजन गर्नेछौँ’, उनले भने ।
मे महिनामा डब्लिनले प्यालेस्टिनी राज्यलाई गाजा पट्टी र पश्चिम किनारा मिलेर बनेको ‘सार्वभौम र स्वतन्त्र राज्य’ को रूपमा मान्यता दिएको र पूर्ण कूटनीतिक सम्बन्ध स्थापना गर्न सहमत भएको बताएको थियो ।
स्पेन र नर्वेले त्यही दिन प्यालेस्टिनी राज्यलाई मान्यता दिए र स्लोभेनियाले एक हप्ता पछि सोही निर्णय गर्यो । यसले इजरायलबाट प्रतिशोधात्मक कदमहरू निम्तिए ।
नोभेम्बरमा डब्लिनले पहिलो पटक पूर्ण प्यालेस्टिनी राजदूतको नियुक्तिलाई स्वीकार गर्यो । आयरल्यान्डका प्रधानमन्त्री ह्यारिसले आइतबार आफ्नो डब्लिन दूतावास बन्द गर्ने इजरायली निर्णयलाई ‘अत्यन्त दुःखद्’ भने ।‘आयरल्यान्ड इजरायल विरोधी हो भन्ने दाबीलाई म पूर्ण रूपमा अस्वीकार गर्दछु । आयरल्यान्ड शान्ति समर्थक, मानव अधिकार समर्थक र अन्तर्राष्ट्रिय कानून समर्थक हो’, उनले एक्समा पोस्ट गरे । रासस

# नेपाल बैंक लिमिटेडका तत्कालीन उपप्रबन्धक श्रेष्ठ पक्राउ

**काठमाडौँ ।**
जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले नेपाल बैंक लिमिटेडका तत्कालीन उपप्रबन्धक शशीकिरण श्रेष्ठलाई १३ वर्षपछि पक्राउ गरेको छ ।
भ्रष्टाचार मुद्दामा दोषी ठहर भएकाले निजलाई काठमाडौँको स्वयम्भूबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, ‘भ्रष्टाचार मुद्दामा दोषी ठहर भएकाले फैसला कार्यान्वयनका लागि हाम्रो टोलीले पक्राउ गरेको हो ।’
श्रेष्ठविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थियो । मुद्दा दायर भएपछि १३ वर्षदेखि फरार रहेका निजले तत्कालीन समयमा कर्जा प्रवाह गर्दा अख्तियारको दुरुपयोग गरी ३९ करोड ८९ लाख रुपैयाँ हानी गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निष्कर्ष छ ।
पक्राउ परेका उपप्रबन्धक श्रेष्ठलाई फैसला कार्यान्वयनका लागि सोमबार अदालतमा पेस गरिने प्रवक्ता अधिकारीले जानकारी दिए । रासस

# एनपिएलः विराटनगरमाथि काठमाडौँ एक विकेटले विजयी




**काठमाडौँ ।**
जारी नेपाल प्रिमियर लिग (एनपिएल) को आइतबार पहिलो खेलमा काठमाडौँ गुर्खाजले विराटनगर किङ्ग्सलाई एक विकेटले हराएको छ ।
त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा विराटनगरले दिएको एक सय १८ रनको लक्ष्य काठमाडौँले १८ दशमलव एक ओभरमा नौ विकेट गुमाउँदै पूरा गर्यो ।
काठमाडौँका लागि प्रतिक श्रेष्ठले सर्वाधिक ३९ रन बनाए । उनले ३४ बलमा दुई छक्का र दुई चौकाको मद्दतले ३९ रन बनाएका हुन् । शङ्कर रानाले अविजित रहँदै १६, रासिद खानले १४, गेर्हार्ड इरास्मसले १२, दिपेश कँडेलले अविजित ११ र माइकल लेविट १० रनको योगदान दिए ।
यस्तै, काठमाडौँको लागि शाहब आलमले दुई रन जोड्दा स्टीफन एस्किनाजी, भीम सार्की र डेन डउथवेटले समान एक÷एक रन बनाए । काठमाडौँले अतिरिक्त १३ रन प्राप्त गर्यो ।
बलिङतर्फ विराटनगरका कप्तान सन्दीप लामिछानेले सर्वाधिक तीन विकेट हात पारे । यस्तै, क्रिस सोल, बसिर अहमद र अनिल खरेलले समान दुई÷दुई विकेट हात पारे ।
त्यसअघि, टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले १९ दशमलव ५ ओभरमा सबै विकेट गुमाएर एक सय १७ रन बनाएको थियो । विराटनगरको लागि राजेश पुलामीले सर्वाधिक २५ रन बनाए । उनले २१ बलमा एक छक्का र एक चौकाप्रहार गर्दै २५ रन बनाएका हुन् । यस्तै, दिपक बोहराले २०, स्कट एडवर्ड्सले १५, बसिर अहमदले १३ र निकोलस किर्टनले १२ रन जोडे ।
विराटनगरका लागि लोकेश बमले ८, सुवास भण्डारीले ६, इस्मत आलमले ५ र क्रिस सोलले एक रनको योगदान दिए ।
विराटनगरले अतिरिक्त १२ रन प्राप्त गर्यो । बलिङतर्फ काठमाडौँको लागि गेर्हार्ड इरास्मसले सर्वाधिक ३ विकेट हात पारे । यस्तै, दिपेश कँडेलले २ विकेट लिँदा कप्तान करण केसी, शाहब आलम र डेन डउथवेटले एक÷एक विकेट लिएका थिए । रासस

# जापानको प्रगतिका लागि आप्रवासनको आवश्यकता

**जापान ।**
जापानको सबैभन्दा प्रसिद्ध स्न्याक ब्रान्डमध्ये एकका प्रमुख (भारतीय मूलका जापानी)ले देशले आफ्नो मानसिकता परिवर्तन गर्नुपर्ने र अर्थतन्त्रलाई फस्टाउने वर्षहरूको महिमामा फर्काउन थप आप्रवासीहरूलाई स्वीकार गर्नुपर्ने बताएका छन् ।
राजनीतिज्ञहरूले तथाकथित ‘हराएका दशक’बाट पुनरूत्थान गर्न वर्षौंसम्म सङ्घर्ष गरिरहेको तर विभिन्न कार्यक्रमहरूको दायराले विकासलाई पुनः गतिमा ल्याउन असफल भएको छ । अर्थतन्त्रलाई पुनरूत्थान गर्नका लागि अति लचक मौद्रिक नीति र खर्बौं डलरको प्रोत्साहनका उपायहरू समावेश गरिएका छन् ।
कामेदा सेइकाको प्रमुख लेख जुनेजाले प्रधानमन्त्री शिगेरु इशिबाको नयाँ सरकारले आफ्नो विश्वव्यापी प्रविधिको प्रभुत्वको उदयको दिनलाई फिर्ता ल्याउनको लागी एक नयाँ अभियानको रूपमा कामेदा सेइकाको प्रमुख लेख जुनेजाले भने, ‘देशले विकासको लागि आफ्नो किनारा गुमाएको छ ।’
बायोटेकका वैज्ञानिकले जापानको निगातास्थित कामेदाको मुख्यालयमा एएफपीसँग भने, ‘चालीस वर्षअघि म जापान आएको थिएँ किनभने यो कुल गार्हस्थ्य उत्पादनमा एक नम्बरको नजिक थियो । यो फस्टाउँदै थियो ।’
कुनै बेला जापानले सोचेको थियो, हामीसँग अहिले सबै थोक छ, तर अहिले मलाई लाग्छ विश्वव्यापीरूपमा अघि बढेको यस मुलुकमा समस्याहरूको चाङ देखिन थालेको छ ।’
कामेदाको विस्तारले जापानको युद्धपछिको उछाललाई प्रतिबिम्बित गर्यो, सन् १९६५ देखि १९७४ को बीचमा राजस्व दस गुणा बढायो र यस प्रक्रियामा राष्ट्रिय रूपमा मनपर्ने ‘सेनबेई’ चामलको पिठोबाट बन्ने परिकारको पर्याय बन्यो ।
यद्यपि, हिजो विश्वलाई सोनी वाकम्यान, बुलेट ट्रेन र सुपर मारियो दिने देश (जापान)ले सिलिकन भ्याली, दक्षिण कोरिया र चीनलाई उछिनेर प्रविधिमा गति लिन सकिरहेको छैन । सन् १९८० को दशकको उत्तरार्धमा जापानी कम्पनीहरू बजार पूँजीकरणको आधारमा विश्वका शीर्ष १० कम्पनीमा हावी भएका थिए । आज कोही पनि सूची बनाउँदैन । जनसङ्ख्या बढ्दो छ र आगामी ५० वर्षमा लगभग एक तिहाईले घट्ने अनुमान गरिएको छ, र फर्महरूले पहिले नै रिक्त पदहरू भर्न समस्या भोगिरहेका छन् ।
हालैका वर्षहरूमा उसले नियमहरू खुकुलो बनाएको भए तापनि जापानले आप्रवासनलाई समाधानको रूपमा ठूलो रूपमा परिवर्तन गरेको छैन ।
सन् १९८४ मा पहिलो पटक जापान आएकी ७२ वर्षीया जुनेजाले भने,‘देशसँग थप आप्रवासीलाई अनुमति दिनुको विकल्प छैन ।’
उनले भने,‘यो सङ्ख्या मात्र होइन । यो मानसिकता पनि हो, संस्कृति पनि हो । हामी विश्वव्यापी रूपमा जानुपर्छ ।’
हालै गरिएको एक अध्ययनअनुसार जापानले सन् २०४० सम्ममा विदेशी कामदारको सङ्ख्या तीन गुणाले बढाएर ६८ लाख ८० हजार पु¥याउनुपर्ने छ । हाल यो लगभग एक लाख छोटो हुन ट्र्याकमा छ ।
कम्पनीमा आबद्ध भएदेखि नै जुनेजाले कामेदालाई थप अन्तर्राष्ट्रिय बनाउनुका साथै ‘राइस इनोभेसन कम्पनी’ बनाउने प्रयास गरिरहेका छन् । नयाँ उत्पादनहरूको लागि परीक्षण केन्द्रमा कर्मचारीहरूले पिठो मुछ्ने काम गर्छन्, नयाँ व्यञ्जनहरू बनाउँछन्,स्वादहरू परीक्षण गर्छन् र अमेरिकी र भियतनामी स्वादमा नयाँ उत्पादन निकाल्छन् । रासस

# भारतको मणिपुरमा दुई आप्रवासीको मृत्यु

**नयाँ दिल्ली ।**
भारतको द्वन्द्वग्रस्त उत्तरपूर्वी राज्य मणिपुरमा अज्ञात आक्रमणकारीहरूले दुई आप्रवासी कामदारको हत्या गरेको स्थानीय प्रहरीले आइतबार जनाएको छ ।
घटना शनिबार राति राज्यको काक्चिङ जिल्लामा भएको हो ।
सत्रह र १८ वर्षका पीडितहरू पूर्वी राज्य बिहारका थिए । उनीहरु विगत केही महिनादेखि मणिपुरमा काम गरिरहेका थिए । हत्याको कारण थाहा हुन सकेको छैन । रासस

# योमरीः
# पाञ्चाल देश (पनौती) बाट प्रचलन भएको विश्वास




आइतबार योमरी पूर्णिमा (थिंला पुन्हि) मनाइएको छ । यो पर्व विशेषतः नेवार समुदायमा प्रख्यात छ । वर्षभरिको १२ पूर्णिमामध्ये मङ्सिर महिना अर्थात् मार्गशुक्ल पूर्णिमालाई योमरी पुन्हि अर्थात् धान्य पूर्णिमा भन्ने गरिन्छ । हजारौँ वर्ष पहिला 'पाञ्चाल देश' भन्ने एउटा ठाउँ थियो, जसलाई अहिले काभ्रेपलाञ्चोकको पनौती भनिन्छ । लिच्छविकालीन ग्रन्थअनुसार 'महासत्व' नाम गरेका एकजना राजकुमारले जङ्गलमा भोकाएका बघिनी र केही डमरू देखेपछि आफ्नै शरीरको मासु खुवाएका थिए । राजकुमार महासत्वका कङ्काल र लुगा पुरेर उक्त स्थानमा एउटा चैत्य निर्माण गरिएको विश्वास रहँदै आएको स्थानीय राजाराम कर्माचार्यले बताउनुभयो । उक्त स्थानलाई अहिले 'नमोबुद्ध' भनिन्छ । 'पाञ्चाल देश' अर्थात् पनौतीमा महासत्वको जन्म भएको मान्दै प्रत्येक वर्ष भाद्रकृष्ण त्रयोदशीका दिन यहाँ नमोबुद्धको जात्रा पनि लाग्ने उहाँले जानकारी दिनुभयो । लिच्छविकालीन ग्रन्थमा समेटिएको घटनाक्रमअनुसार योमरी पूर्णिमा (थिंला पुन्हि)को प्रचलन पनौतीबाट सुरुवात भएको मान्दै आइएको स्थानीय वृद्धाहरू बताउँछन् । तत्कालीन बेलाको पाञ्चालदेशको महासत्व राजकुमार र सुचन्द्र नाम गरेका महाजनको योमरीको प्रचलन पनौतीबाट भएको पुष्टी गर्ने स्थानीय कर्माचार्यले बताए । उनले भने, 'पाञ्चालदेशको महासत्व राजकुमार र सुचन्द्र नाम गरेका महाजनको कथाले योमरीको सुरुवात पनौतीबाट भएको विश्वास गर्दै आएको हौँ ।' कर्माचार्यका अनुसार पनौतीको इतिहासका आधारमा नेपालका अन्य स्थानका विशेष गरी नेवारी समुदायले योमरी पूर्णिमा धुमधमका साथ मनाउँदै आएका हुन् । अहिले यो पर्वले सबै समुदायलाई मोहित बनाउँदै लगेको पाइन्छ । महासत्वलाई गौतम बुद्धको पूर्वजन्म पनि मानिँदै आइएको छ । 'ग्रन्थअनुसार तत्कालीन पाञ्चाल देशमा एक सुचन्द्र नाम गरेका महाजन थिए । धर्मात्मा सुचन्द्रले आफ्नो दयालु श्रीमतीसँग जीवन गुजारा गरिरहँदा सन्तान अभावको पीरमा भगवान विष्णुको प्रार्थना गर्थे । मार्गशुक्ल पूर्णिमाको दिन सुचन्द्र दम्पतीले सरसफाइको काम सकेर रोटी (योमरी) पकाउन लाग्दा भगवान कुबेरले भेष बदलेर गरिब ब्राह्मणको रुपमा उनीहरूको घर आएर भिक्षा माग्न थाल्नुभयो । सुचन्द्रकी श्रीमतीले गरिब बुढो ब्राह्मण पिँढीमा बसेर भिक्षा माग्दै गरेको देखेर घरभित्रै लगी पुराना झुत्रो लुगा फेरिदिइन् । अन्यत्र जान हतारिएका ब्राह्मणलाई बस्न अनुरोध गर्दै तातोतातो रोटी (योमरी) खान दिएपछि कुबेर प्रसन्न भई आफ्नो असली रुपमा देखाएर साक्षात् भगवान कुबेर अन्तध्यान हुनुभएको विश्वासका साथ यो पर्व मनाउने प्रचलन बनेको हो', स्थानीय साहित्यकार सूर्यप्रसाद लाकोजूले भने ।

कुबेर उनीहरूको घर आएको दिन मङ्सिर शुक्ल पूर्णिमा थियो । कुबेरले धानको भकारीमा लक्ष्मी, कुमार, गणेश र आफ्नै प्रतिरूप राखी योमरीका साथ विधिपूर्वक पूजा गर्न अनुरोध गरेपछि सोही पूजाको प्रभावले दुई दम्पती सुखपूर्वक रहँदै आएका जनविश्वास रहेको उनको भनाइ छ । सोही बेलादेखि नेवार समुदायमा घरघरमा योमरी पकाई खाने चलनको थालनी भएको मानिन्छ । तिहारमा देउसीभैलो खेलेझैँ यस दिन साँझ टोलटोलका घरघरमा गएर युवायुवतीले गीत गाउँदै योमरी तथा धान, चामल, दामलगायत माग्ने त्यःछिं त्यः बकछिं त्यः खेल्ने मल्लकालीन प्रचलन चल्ने गरेको पाइन्छ । योमरी माग्ने क्रममा घरघरमा गएर यस्तो गीत गाउने प्रचलन छ ।

*'ट्यो सिं ट्यो, बकसिं ट्यो*
*लटापाटा कुलिचाँ जुसिंय्या ।*
*ब्यु मह ल्यासे, म्ह ब्यु म्ह*
*बुढीकुटी चा*
*छिमनचुकी जिमनचुकी,*
*बिगोसा याकन्ब्युँ ॥*

*अर्थात्*
*'जुनसुकै भाँडाबाट भए पनि*
*झिकेर देऊ*
*माना–पाथी जेबाट जति दिए पनि देऊ ।*
*दिने मान्छे राम्रो, नदिने मान्छे नराम्रो ।*
*तिम्रो पनि जाडो, हाम्रो पनि जाडो*
*दिने भए छिटो देऊ'...*



यही दिन पनौतीको धनेश्वर महादेवमा ठूलो मेला लाग्ने भएकाले मेला भर्न टाढाटाढाबाट भक्तजन आउने गर्दछन् । लिच्छविकालीन ग्रन्थमा उल्लेखित सुचन्द्र महाजनको कथा अंशुबर्मा पालाको बौद्धग्रन्थ 'रत्नबदाने बुद्ध वचन'मा पनौतीमा सुचन्द्र महाजन दम्पतीको बसोबास भएको उल्लेख गरिएको पाइन्छ । कथाका जानकार स्थानीय पूर्णभक्त कोङ्गाका अनुसार योमरीको विषयमा पनौतीबाहेक कुनै ग्रन्थ तथा ऐतिहासिक दस्ताबेजमा पाइँदैन । पनौतीबाट सुरुवात भएको भन्नेबारे पुस्तौँदेखिका स्थानीय वृद्धाहरूले भन्दै आएकाले यमा सत्यता रहेको उनले बताए । योमरीको प्रचलनबारे बुझ्न चाहने जोकोहीले कोङ्गालाई भेटेपछि विश्वस्त भएका उदाहरणहरू भेटिन्छन् । स्थानीय साहित्यकार



लाकोजूले योमरीसँग जोडेर पनौतीको कथा प्रकाशित गर्नुभएको छ । उनको कथामा योमरीको बारेमा पाञ्चाल देशसँग जोडेर यसको सुरुवात र प्रचलन विस्तारबारे विस्तृतमा उल्लेख गरेका छन् । लाकोजूले पनौतीबाट जन्मेको योमरी पर्व हाल विस्तार भएर नेपालका कुनाकाप्चासम्म पुगिसकेको बताए । 'यो पनौतीको महत्वपूर्ण पर्वमध्ये एक हो, चाडपर्वको क्षेत्रमा यो पर्वको विशिष्ट स्थान छ', उनले भने ।

'यमरी' नेपाल भाषाको शब्द हो । 'य' को अर्थ मनपर्ने र 'मरी'को अर्थ रोटी हो । यसरी 'यःमरी' लाई अर्थ्याउँदा यसको शाब्दिक अर्थ 'मनपर्ने रोटी' अर्थात् योमरी भएको साहित्यकार लाकोजूले बताए । प्रायः चाकु र तील हालेर बनाइने यो रोटी विशेष किसिमको माटोको भाँडा 'पोटासी'मा बफाएर पकाउने गरिन्छ । पछिल्ला केही वर्षदेखि खुवा तथा अन्य मनपर्ने परिकार हालेर योमरी बनाउने प्रचलन बढ्दै गएको छ । लाकोजूका अनुसार दुईदेखि १२ वर्षसम्मका बालबालिकाको जोरवर्ष परेको जन्मदिनमा (दुई, चार, छ, आठ, १०, १२) बालकको वर्षअनुसारको यमरी राखी माला बनाएर जन्मदिनमा लगाइदिने प्रचलन छ । बाह्रवर्ष नाघेपछि भने योमरीको माला नलगाई जन्मदिन मनाउने चलन रहेको उनले बताए । गर्भवतीलाई बच्चा जन्मनुभन्दा पहिले माइतीका तर्फबाट योमरीसहित विभिन्न परिकारको भोज खुवाउने चलन हालसम्म पनि रहेको लाकोजूले उल्लेख गरे । नेवार समुदायमा बुढाबुढीको जङ्को (भीमरथारोहण) गर्दा पनि योमरी चाहिन्छ । उपत्यकाको रातो मच्छेन्द्रनाथ र सेतो मच्छेन्द्रनाथको रथ तान्नुअघि योमरी छर्ने प्रचलन रहेको भन्दै नेपाली संस्कृति र संस्कारमा यसको ठूलो महत्वपूर्ण स्थान रहेको उनले बताए ।

यस दिनमा पनौतीको काठगणेशमा धुमधामसँग जात्रा लाग्ने गर्दछ । पूजाआजासहित खटमा राखिएका गणेशलाई नगर परिक्रमा गरिइँने यो जात्राको पनि विशेष महत्व छ । स्थानीयले बिहान योमरी पकाएर खानुअघि नगरभित्रका देवीदेवताको पूजा गर्न जाने चलन छ । बेलुका शुद्ध गरी छुट्याएर राखेको योमरीका साथ कुमार, गणेश, कुवेर र लक्ष्मीको चार दिनसम्म पूजा र भक्तिपूर्वक अर्चना गरी प्रसाद फिकिन्छ र प्रसादका रुपमा बाँड्ने प्रचलन छ ।

डा चन्द्रा बज्राचार्यका अनुसार विशेष गरी नेवार समुदायले आफ्नै प्रकारको रोटी अर्थात् योमरी पकाई खाने गर्दछन् । त्यही विशेष रोटीको नाउँमा उक्त पूर्णिमाको नाम 'योमरी पुन्हि' रहन गएको उनले जानकारी दिए । उनका अनुसार यो पूर्णिमा थिंला पुन्हि, मार्ग पूर्णिमा, योमरी पुन्हि, धान्य पूर्णिमा, गैँडु पूर्णिमालगायत नामबाट प्रचलित छ । दशैंमा पहिले जमरा छरेर उखेली सकेपछि मात्र धान काट्ने काम सुरु गर्ने र योमरी पुन्हिसम्ममा धान भित्र्याइ सक्नुपर्छ भन्ने धारणा रहँदै आएको उनले बताए ।

# गाँजा बोकेको कार दुर्घटना प्रहरीको सेटिङ्गमा तस्कर फरार



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा दुर्घटनामा परेको कारबाट १३० किलो गाँजा बरामद भएको छ । पूर्व पश्चिम राजमार्ग अन्तर्गत जिल्लाको धनगढीमाई नगपालिका १० जिरोमाईलमा दुर्घटनामा परेका कारबाट १ सय ३० किलो गाँजा बरामद भएको हो । पूर्वबाट पश्चिमतर्फ गईरहेको ना ३ ख ७५९१ नम्वरको ट्रकमा उत्तर तर्फको सहायक सडकबाट आईरहेको बा २८ च ९९६३ नम्वरको कार आपसमा ठोकिएर दुर्घटना भएको कारमा सो परिणामको गाँजा फेला परेपनि प्रहरीले आर्थिक बार्गेनिङ गरि गाँजा तस्करलाई भगाइदिएको स्थानीयले बताएका छन । कार ठोकिए लगतै कारभित्रबाट २÷३ जना मानिसहरु निस्केर भित्रबाट पोकाहरु झिक्दै ई–रिक्सामा हालेर भाग्नु र प्रहरीले देखेर पनि नदेखे झै गर्नुले पनि आर्थिक सेटिङ्ग रहेको पुष्टि गर्छ । प्रहरीले ट्रक र कार नियन्त्रणमा लिएको भएपनि त्यसमा रहेका मानिसहरुका बारेमा केही बताउन चाहेनन् । एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको भनिए पनि उनी ट्रकका चालक हुन या कारका भन्ने खुलेको छैन । यता जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी बीरेन्द्र कुमार पासवानले दुर्घटनामा परेको कारमा गाँजा बरामद गरिएको भए पनि सवै विवरण आउन बाँकी रहेको बताए । उनले भने, 'घटना स्थलमा मातहतका प्रहरीले काम गरिरहेको छ। सवै विवरणहरु आईपुगेको छैन। विवरण आईपुग्ने वितिकै तपाईहरुलाई जानकारी भईहाल्छझ भन्दै पन्छिएका छन् । भारतको बिहारमा मदिरा बन्द गर्नुको कारण भारतीय बजारमा गाँजाको माग बढेकोले नेपालबाट प्रतिबन्धित लागुऔषध गाँजा प्रहरीकै मिलोमतोमा व्यापक तस्करी भइरहेको स्थानीयहरुको भनाइ छ । धनगढीको उत्तरीक्षेत्रमा गाजाँ सङ्कलन गरी जिरोमाईल बडियारपट्टी हुँदै भारतीय बजार सम्म जाने गरेको स्थानीयहरु बताउँछन् । प्रहरीकै मिलेमत्तोमा यसक्षेत्रबाट गाँजा तस्करी हुने गरेको स्थानीहरुको आरोप छ । कारमा रहेको पाँच बटा कालो प्लाष्टिकमा गाँजा रहेको प्रहरीले पुष्टि गरेको छ । ती पोकाहरुमा २१, वटा पोकाहरुमा २८, २६, २७ र २८ गरी १ सय ३० केजी गाँजा रहेको प्रहरीले जनाएको छ ।

# गढीमाई मेला माघ ५ गते समापन हुने



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको महागढीमाई नगरपालिकाको वडा न ०१ बरियारपुर स्थित लागेको विश्व प्रसिद्ध गढीमाई मेला माघ ५ गते औपचारिक रुपमा समापन हुने भएको छ ।

मंसिर ०१ गते देखि लागेको मेला मंसिर ३० गते समापन हुने भनिए पनि औपचारिक रुपमा मेला माघ ५ गते समापन हुने भएको छ ।

मंसिर १ गते देखि शुरु भएको विश्व प्रसिद्ध गढीमाई मेलामा अहिलेसम्म करिब २ करोड ५० लाख दर्शनार्थीले मेलाको अवलोकन गरिसकेको गढीमाई मेला मुल व्यवस्थापन समितिले जनाएको छ ।

पशु बलिको लागि विश्वमै प्रसिद्ध रहेको गढीमाई मेलामा नेपाल भारतबाट मात्र नभएर यहाँ विश्वको धेरै ठाउँबाट दर्शनार्थीहरु आएर मेलाको अवलोकन गरेकका छन् भने अझै पनि मेला अवलोकन गर्न आउने दर्शनार्थीको भिड जारी नै रहेको छ ।

माघ ०५ गतेसम्म चल्ने मेलामा अहिले पनि दर्शनार्थीहरुको भिड रहेकोले मेला अवधी सम्म करिब अझै १५ लाख सम्म दर्शनार्थीहरु मेलाको अवलोकन गर्न आउने महागढीमाई नगरपालिका प्रमुख उपेन्द्र प्रसाद यादवले बताए ।

बढी भिडभाड भएका कारण धेरै दर्शनार्थीहरु मंसिरमा मेला अवलोकन तथा गढीमाईको भाकल चढाउन बाँकी रहेकोले सबै दर्शनार्थीहरु माघ ०१ गते पुनः गढीमाई मेलामा आउने गरेको समेत उनले बताए ।

# वीरगंजका नेवार समुदायले मनाए यःमरी पुन्हि

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका नेवार समूदायले यःमरी पुन्हि पर्व धुमधामका साथ मनाएका छन् । पर्वको अवसरमा नेवार समुदायको संस्था भिन्तुना गुठीको आयोजनामा आइतबार वीरगंज महानगरपालिका वडा नमबर १५ भिष्वास्थित बुद्ध विहारको प्राङ्गणमा शुभकामना आदानप्रदान कार्यक्रमको सम्पन्न गरेको हो । कार्यक्रममा वक्ताहरुले नेवा समुदाय पर्व, संस्कृति र खानाको परिकारको धनी समुदायको रुपमा विश्वमाझ परिचित रहेको हुँदा आफ्नो पहिचानको लागि संस्कृतिको संरक्षण गनुपर्ने कुरामा जोड दिएका थिए ।

यस्तै, नेवारी महिलाहरुले आफ्नो जातिय पोशाक पहिरण गरी चाकु, चामलको पिठो, तिल, नरिवल राखेर योःमरी बनाउँदै कार्यक्रममा उपस्थित भएका अतिथिहरुलाई खुवाएका थिए । नेवार समुदायको ठूलो पर्वका रूपमा मनाइने योमरी पुन्हिलाई खाद्य पदार्थको रसिलो चाडका रूपमा लिइन्छ । नेवार समुदायले धान राख्ने भकारी वा कोठीमा पूजा आराधना गरेर योमरी पूर्णिमा मनाउँछन् ।

# लाठगल्लीबाट ३० लाख भन्दा बढीको कपडा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले ठूलो मात्रामा अवैध कपडा बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्मका सशस्त्र प्रहरी र वीरगंज भन्सार कार्यालयका नायब सुब्बा हफिज उल्लाह अंसारी सहिको ३ जनाको संयुक्त टोलीले वीरगंज महानगपालिका–६ लाठ गल्लीबाट ३० लाख बराबरको कपडा बरामद गरेको हो । विशेष सूचनाका आधारमा खटिएको टोलीले भन्सार छलेर गोदाममा भण्डारण गरिराखेको कपडा र कस्मेटिक सामान नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बलका नम्बर १३ गण हेडक्वाटर पर्साका प्रवक्ता सशस्त्र प्रहरी नायव उपरीक्षक विष्णुहरि घिमिरेले जानकारी दिए ।

कुर्तासुरूवाल एक हजार छ सय २७ थान, स्काफ एक हजार सात सय २२ थान, सल दुई हजार सात सय ६८ थान, लेडिज ब्याग, साडीपिन, लङ्कोटलगायत रहेको उनले बताए । बरामद गरिएको सामानको मूल्य ३० लाख ४९ हजार सात सय कायम गरी आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ ।

# हत्या आरोपमा तीनजना पक्राउ

**मधेशदृष्टि**
**मकवानपुर ।**
मकवानपुर प्रहरीले हत्याको आरोपमा मकवानपुरबाट तीनजनालाई पक्राउ गरेको छ । युवकलाई कुटपिट गरी हत्या गरेको आशंकामा प्रहरीले तीन जनालाई पक्राउ गरेको हो । मकवानपुर राक्सिराङ गाउँपालिका ५ इन्चराङस्थित चैनपुरबाट काकडा जाने भित्री सडकमा बारा अमलेखगन्जका २१ वर्षीय समीर सुनारको शव शुक्रवार फेला परेको थियो । उनको टाउकोमा चोट र नाकमुखबाट रगत बगिरहेको अवस्थामा प्रहरीले मृत फेला पारेको थियो । उनको मृत्यु शंकास्पद देखिएपछि अनुसन्धानको क्रममा तीन जनालाई नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरी प्रवक्ता श्यामु अर्यालले बताउनुभयो । प्रहरीले पक्राउ परेका तीनै जना मृतक सुनारसँग हिँड्ने साथी भएको बताएको छ । पक्राउ गरिएका व्यक्तिहरूसँग सोधपुछ गर्ने कार्य भइरहेकाले प्रहरीले नाम भने सार्वजनिक गरेको छैन ।

# ज्योति समूह विभाजित बन्यो पद्म ज्योति समूह



**मधेशदृष्टि**
**काठमाडौं ।**
ज्योति समूह विभाजित भएको छ ।

ज्योति समूहबाट विभाजित समूहले पद्म ज्योति समूह घोषणा गरेको छ ।

यो घोषणालाई परिवर्तनले खोजेको प्रगति, अनुकूलता र नयाँ अवसरको खोजीलाई समर्पण गर्ने उल्लेख छ । पद्म ज्योति समूहले यो घोषणालाई विकास र सृजनशीलताको नयाँ यात्राको सुरुवात पनि भनेको छ ।

धेरै बाधा र चुनौतीहरू पार गरेता पनि यस समूह आफ्नो उत्कृष्टताको विरासतमा प्रतिबद्ध रहँदै, निरन्तर अघि बढिरहेको जनाएको छ । पद्मा ज्योति ग्रुपले गुणस्तरका लागि परिचित आफ्ना विश्वसनीय ब्रान्डहरूसँगै भविष्यलाई आकार दिन नयाँ योजना र रणनीतिहरू पनि ल्याइरहेको उल्लेख गरेको छ ।

'हामी अगाडि बढिरहँदा, विकास र सृजनशीलताका लागि नयाँ अवसरहरू खोज्दै हाम्रा ग्राहकहरूले अपेक्षा गर्नुभएको उच्च गुणस्तर कायम राख्न प्रतिबद्ध छौं,' पद्म ज्योति समूहले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

दूरदर्शी नेतृत्वहरू पद्म ज्योति, सौरभ ज्योति, सृजना शाक्य ज्योति, सुह्रिद ज्योति र आरती ज्योतिको मार्गदर्शनले यो नयाँ अध्याय सुरु गर्न पाउँदा निकै उत्साहित भएको सो ग्रुपको भनाइ छ ।

# रक्सौलबाट ८ पोका भेप चुरोट बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल भारत सीमानाका नजिक रहेको रक्सौल स्टेसनबाट रेल्वे प्रहरी(जिआरपी)ले लाखौं मूल्य पर्ने ८ पोका इलेक्ट्रिक भेप चुरोट र अन्य सामान बरामद गरेको छ । रक्सौल रेल्वे स्टेसनबाट जिआरपीले सत्याग्रह रेलबाट अन्यन्त्र पठाउन बुग्गी बुक गरिएको सूचनाका आधारमा जिआरपीले उक्त भेप चुरोट बरामद गरिएको जिआरपीका अधिकारी पवन कुमारले जानकारी दिए । भेप चुरोट बरामद गर्ने क्रममा कस्टमकर्मीहरुसँग हातपात समेत भएको उनले बताए ।




बरामद सामानलाई जफत गरी बाँकी अनुसन्धान भइरहेको अधिकारी पवन कुमारले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन